नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

● वर्ष ४ ● अंक ७० ● २०८२ साल माघ १० गते शनिबार ● Saturday 24, January 2026 ● सूर्योदय: बिहान ०६:५४ बजे ● सूर्यास्त: साँझ ५:४० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## भरूवा बन्दुकसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले लाइसेन्स नभएको भरूवा बन्दुकसहित एक जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार माघ ८ गते राति करिब ९:४७ बजे पर्सागढी नगरपालिका–१ स्थित कोईलाभार गाउँमा झै–झगडा भइरहेको भन्ने सूचना प्राप्त भएपछि अस्थायी प्रहरी पोष्ट मनवाबाट प्रहरी टोली घटनास्थल खटिएको थियो।

प्रहरी टोलीले सोही स्थानमा बस्ने ३८ वर्षीय जय नारायण खवासलाई मादक पदार्थ सेवन गरी हो–हल्ला मच्चाउँदै स्थानीय व्यक्तिलाई गालीगलौज गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो। खवासको साथबाट लाइसेन्सबिन एक थान भरूवा बन्दुक र १३ राउन्ड गोली बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए।

पक्राउ परेका खवासमाथि सम्बन्धित कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

# गगन थापाको प्रवेशले सर्लाही–४ मा फेरियो चुनावी समीकरण

- गगन थापाले काठमाडौँ–४ छाडेर सर्लाही–४ बाट उम्मेदवारी दिएपछि राष्ट्रिय राजनीतिमा नयाँ बहस
- सर्लाही–४ कांग्रेसको परम्परागत प्रभाव क्षेत्र भए पनि यसपटक प्रतिस्पर्धा पूर्ण रूपमा खुला
- अमेरशकुमार सिंह कांग्रेस छाडेर रास्वपाबाट मैदानमा, चुनावी समीकरण झनै रोचक
- एमाले, नेकपा र जसपाका उम्मेदवारसहित बहुकोणीय भिडन्त
- विगतका मत परिणाम कांग्रेसअनुकूल देखिए पनि मतदाताको मनोविज्ञान बदलिँदो
- जेन–जी आन्दोलनपछिको तरल राजनीतिमा गगनको कदम अवसर कि जोखिम भन्ने प्रश्न केन्द्रमा






**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले निरन्तर जित्दै आएको आफ्नो निर्वाचन क्षेत्र काठमाडौँ–४ छाडेर सर्लाही–४ बाट उम्मेदवारी दिएपछि मधेस मात्र होइन, राष्ट्रिय राजनीतिमा समेत नयाँ बहस सुरु भएको छ ।

आफ्नो राजनीतिक आधारभूमि मानिएको क्षेत्र परित्याग गर्दै सर्लाही रोज्नुले यस निर्वाचन क्षेत्रलाई देशकै सबैभन्दा चासोको केन्द्र बनाएको छ । गगनसँगै सर्लाही–४ का प्रभावशाली नेता अमेरशकुमार सिंह यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवार बनेका छन् । यसअघि दुई पटक कांग्रेस र एक पटक स्वतन्त्र उम्मेदवारका रूपमा विजयी भइसकेका सिंहको दल परिवर्तनले यहाँको प्रतिस्पर्धा झनै रोचक र अनिश्चित बनेको छ ।

यस क्षेत्रमा नेकपा एमालेबाट अमनिस यादव, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट डा. रगनिस राय यादव र जनता समाजवादी पार्टी नेपालबाट रामेश्वरराय यादव पनि चुनावी दौडमा छन् । एमालेले सुरुमा रविसिंह कुशवाहालाई अघि सार्ने तयारी गरे पनि अन्ततः अमनिस यादवलाई उम्मेदवार बनाएको हो । २०७९ को प्रतिनिधिसभा निर्वाचनताका पनि गगन थापाको सर्लाहीबाट उम्मेदवारीको चर्चा चलेको थियो । तर, अन्तिममा उनी काठमाडौंमै सीमित भएका थिए ।

यसपटक भने उनले काठमाडौं–४ को आफ्नो बलियो क्षेत्र युवा नेता सचिन तिमल्सेनालाई छाडेर सर्लाही–४ रोजेका छन् ।

जेन–जी आन्दोलनपछिको तरल राजनीतिक परिस्थितिमा अचानक निर्वाचन क्षेत्र परिवर्तन गर्नु गगनको साहसी कदम हो कि राजनीतिक जोखिम, यसबारे विभिन्न टिप्पणी भइरहेका छन् । कतिपयले यसलाई नयाँ चुनौतीका रूपमा लिएका छन् भने कतिपयले काठमाडौं असुरक्षित भएपछि मधेसमा सुरक्षित खोजेको टिप्पणी पनि गरेका छन् ।

सर्लाही–४ ऐतिहासिक रूपमा कांग्रेसको प्रभाव क्षेत्र मानिन्छ । २०४८ देखि २०५६ सम्म लगातार तीन निर्वाचनमा महन्थ ठाकुर यहाँबाट विजयी भएका थिए । ठाकुर कांग्रेसबाट अलग भएपछि अमेरशकुमार सिंह यस क्षेत्रमा उदाए । सिंहले २०७० र २०७४ मा कांग्रेसबाट तथा २०७९ मा स्वतन्त्र उम्मेदवार बनेर चुनाव जितेका हुन् । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा भने तत्कालीन मधेसी जनअधिकार फोरमका शिवपुजन राय यहाँबाट विजयी भएका थिए ।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेस–माओवादीसहितको सत्ता गठबन्धनबाट कांग्रेसका नागेन्द्रकुमार यादव उम्मेदवार बनेका थिए । उनले १८ हजार २५३ मत ल्याउँदा अमेरशकुमार सिंहले २० हजार १७ मतसहित जित हात पारेका थिए । गठबन्धनमा रहेपनि माओवादी नेता शिवपुजन रायले आफ्नी छोरी मधुमाला कुमारी यादवलाई स्वतन्त्र उम्मेदवार बनाएका थिए, जसले १४ हजार ६२२ मत पाएकी थिइन् । उनै शिवपुजन रायका छोरा अमनिस यादव अहिले एमालेबाट उम्मेदवार बनेका छन् । चौथो स्थानमा रहेका जसपाका राकेश मिश्रले ५ हजार ८१३ मत मात्र पाएका थिए ।

समानुपातिकतर्फ कांग्रेस पहिलो पार्टी बनेको थियो । कांग्रेसले १६ हजार २८ मत ल्याउँदा जनमत पार्टीले १२ हजार ५ सय मत प्राप्त गरेको थियो । यद्यपि, जनमत पार्टीका प्रत्यक्ष उम्मेदवार रामबाबु रायले ३ हजार ४ सय मत मात्र पाएका थिए । समानुपातिकतर्फ माओवादी केन्द्रले ९ हजार ७ सय र एमालेले ९ हजार ४ सय ७१ मत ल्याएका थिए ।

सर्लाही–४ अन्तर्गत बलारा नगरपालिका, रामनगर गाउँपालिका, धनकौल गाउँपालिका, गोडैता नगरपालिका, बसबरिया गाउँपालिकाका वडा १, २ र ३, बरथहवा नगरपालिकाका १, २, ३, ४, १३, १४ र १५ तथा विष्णु गाउँपालिकाका १ देखि ४ नम्बर वडाहरु पर्छन् । स्थानीय तह निर्वाचनमा बलारा र रामनगरमा माओवादी केन्द्र, धनकौल र विष्णुमा कांग्रेस, गोडैतामा लोसपा, बसबरियामा जसपा तथा बरथहवामा एमालेले मेयर र उपमेयर दुवै जितेका थिए ।

५१ वडामध्ये कांग्रेसले सबैभन्दा धेरै १९ वडा जितेको थियो । माओवादी केन्द्रले १२, एमालेले १०, लोसपाले ८ र जसपाले २ वडा जितेका थिए । वडाध्यक्षतर्फ प्राप्त मतमा पनि कांग्रेस अगाडि थियो । कांग्रेसले २३ हजार १४३, माओवादी केन्द्रले १८ हजार ५२४, लोसपाले १४ हजार २२७, एमालेले ११ हजार ४७९ र जसपाले ६ हजार ७८६ मत पाएका थिए ।

स्थानीय तह र प्रतिनिधिसभा निर्वाचनको समानुपातिक मत तुलना गर्दा मतदाताको व्यवहारमा उल्लेख्य अन्तर देखिन्छ । स्थानीय तहमा करिब २ हजार ३ सय मत मात्र पाएको जनमत पार्टीले संसदीय चुनावमा समानुपातिकतर्फ १२ हजार ५ सय मत ल्याएको थियो । यसैगरी, स्थानीय तहमा बलियो देखिएका लोसपा र माओवादी केन्द्रको समानुपातिक मत घटेको थियो । कांग्रेसको पनि स्थानीय तहको तुलनामा संसदीय चुनावमा समानुपातिक मत घटेको देखिन्छ ।

यी सबै तथ्यांकले सर्लाही–४ कांग्रेसका लागि परम्परागत रूपमा अनुकूल देखिएपनि बदलिँदो राजनीतिक धार, दल परिवर्तन र मतदाताको मनोविज्ञानका कारण यो क्षेत्र पूर्ण रूपमा खुला प्रतिस्पर्धामा पुगेको संकेत गर्छ । गगन थापाको यो कदम कांग्रेसका लागि अवसर बन्छ कि जोखिम, यसको अन्तिम उत्तर मत परिणामले नै दिनेछ ।

# छोटी भन्सार हटेपछि व्यापारी र सर्वसाधारण मर्कामा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शसस्त्र द्वन्द्वकालमा विस्थापित गरिएका छोटी भन्सार पुनस्थापनाको माग देशभर उठिरहेका बेला धनुषाका दुई वटा छोटी भन्सार हटाइएपछि स्थानीय व्यापारी र सर्वसाधारण समस्यामा परेका छन् । धनुषाको भडरीया र महुवा नाकामा सञ्चालनमा रहेका छोटी भन्सार कार्यालय हटाइएपछि साना व्यापारीलाई दैनिक कारोबारमै कठिनाइ थपिएको हो ।

खुला सीमाका कारण बढ्दो अवैध आयात–निर्यात, घरेलु उद्योग–व्यवसाय कमजोर बन्दै गएको अवस्था र सामान्य आयात प्रक्रियामा देखिएको झन्झटबीच सीमा नाकामा कडाइ र छोटी भन्सार पुनस्थापनाको माग उठिरहेका बेला उल्टै सञ्चालनमा रहेका कार्यालय हटाइँदा असन्तुष्टि बढेको छ ।

स्थानीय व्यापारीहरूका अनुसार अब पाँच हजार रुपैयाँसम्मको सानो परिमाणको सामान आयात गर्नसमेत मुख्य भन्सार कार्यालय पुग्नुपर्ने बाध्यता आएको छ । यसले समय बढी लाग्ने, ढुवानी खर्च बढ्ने र समग्र व्यापार लागत महँगो बनाएको उनीहरूको गुनासो छ ।

'पहिले सानो व्यापार गर्ने हामीजस्ता व्यापारीका लागि निकै सहज थियो,' एक खुद्रा व्यापारीले भने, 'अब सामान्य सामान ल्याउन पनि ठूलो झन्झट बेहोर्नुपरेको छ ।'

२०२० सालअघि स्थापना भएका यी दुवै छोटी भन्सार कार्यालयलाई पाँच हजार रुपैयाँसम्मको सामानमा भन्सार महसुल असुली गर्ने अधिकार थियो, जसले साना व्यापारी र सर्वसाधारणलाई ठूलो राहत दिँदै आएको थियो ।

यस विषयमा जनकपुर भन्सार कार्यालयका प्रमुख मानबहादुर पौडेलले मन्त्रीपरिषद्को निर्णय र विभागीय निर्देशनअनुसार छोटी भन्सार हटाइएको दाबी गरे । 'माथिल्लो निकायको निर्देशनअनुसार नै हटाइएको हो,' उनले भने । तर भन्सार विभागका सूचना अधिकारी किशोर बर्तौलाले भने अहिलेसम्म त्यस्तो कुनै औपचारिक निर्देशन नआएको स्पष्ट पारे । 'हालसम्म विभागबाट कुनै लिखित निर्देशन आएको छैन,' उनले भने ।

नेपाल–भारत सीमामा रहेका १३८ वटा छोटी भन्सारमध्ये १९ वटा बाहेक सबै हटाइने चर्चा चलेपनि हालसम्म आधिकारिक निर्णय सार्वजनिक भएको छैन । यद्यपि धनुषाको भडरीया र महुवाका छोटी भन्सार भने हटाइसकिएको छ । मधेश प्रदेशका अन्य जिल्लामा रहेका छोटी भन्सारहरू भने हालसम्म यथावत् सञ्चालनमा छन् । छोटी भन्सार हटाइएपछि अवैध कारोबार नियन्त्रण हुनेभन्दा पनि साना व्यापारी र सर्वसाधारणमाथि आर्थिक र प्रशासनिक बोझ थपिएको भन्दै स्थानीयस्तरमा पुनस्थापनाको माग फेरि तीव्र बन्दै गएको छ । व्यवसायीहरूले सरकारसँग तत्काल स्पष्ट नीति ल्याउन, अन्योल अन्त्य गर्न र जनताको सहजतालाई केन्द्रमा राखेर निर्णय गर्न आग्रह गरेका छन् ।

# श्यामसुन्दर तीनवटा मुद्दामा दोषी ठहर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला अदालत धनुषाले बैंकिङ कसूर तथा लगातार चेक अनादरका तीन छुट्टाछुट्टै मुद्दामा धनुषा बटेश्वर गाउँपालिका–५ का श्याम सुन्दर महतोलाई दोषी ठहर गरेको छ । अदालतले उनलाई करोडौँ रुपैयाँ बिगो भराउने, जरिवाना तिराउने र कैद सजायसमेत सुनाएको हो ।

जिल्ला न्यायाधीश मनोजकुमार श्रीवास्तवको इजलासले बैंकिङ कसूर मुद्दामा महतो दोषी ठहर गर्दै एक करोड रुपैयाँ बिगो भराउने, सोही बराबर एक करोड रुपैयाँ जरिवाना र १० दिन कैद सजाय तोकेको छ ।

अदालतका अनुसार जनकपुरधाम–१९ निवासी संजय शर्माले बैंक ऋण फछ्र्योट गर्ने उद्देश्यले महतोलाई नगद एक करोड रुपैयाँ दिएका थिए ।

ऋण चुक्ता गरी पुनः कर्जा लिएर रकम फिर्ता गर्ने आश्वासन दिइए पनि लामो समयसम्म पैसा नफर्काएपछि महतोले २०७९ फागुन १५ गते प्राइम कमर्सियल बैंक जनकपुर शाखास्थित आइसा सेल्स ट्रेडिङ प्रा.लि.को खाताबाट एक करोड रुपैयाँको चेक दिएका थिए । तर खातामा पर्याप्त मौज्दात नहुँदा उक्त चेक बाउन्स भएको थियो ।

अदालतले खातामा रकम नभएको जानकारी हुँदाहुँदै जानी–जानी चेक जारी गरिएको प्रमाणित भएको ठहर गरेको छ । साथै, अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम चार लाख रुपैयाँ पीडित राहत कोषमा दाखिला गर्न पनि आदेश दिएको छ । यो फैसला २०८१ माघ ९ गते सुनाइएको हो ।

दोस्रो मुद्दामा जनकपुरधाम–१० की सिता देवी साहको उजुरी अनुसार महतोले २०७९ वैशाख १३ गते प्राइम बैंक जनकपुर शाखास्थित आफ्नो खाताबाट एक करोड २० लाख रुपैयाँको चेक जारी गरेका थिए । उक्त चेक सिद्धार्थ बैंक पुरानो बानेश्वर शाखामा पेश गर्दा पटक–पटक अनादर भएको थियो ।

जिल्ला अदालतले विनिमेय अधिकारपत्र ऐन, २०३४ बमोजिम कसूर ठहर गर्दै सिता देवी साहलाई एक करोड २० लाख रुपैयाँ तथा चेक काटिएको मितिदेखि वार्षिक १० प्रतिशत ब्याजसमेत भराई पाउने आदेश दिएको छ । यो फैसला २०८१ चैत ५ गते भएको हो ।

तेस्रो मुद्दामा जनकपुरधाम–५ का दिपेन्द्र कुमार दासले श्याम सुन्दर महतो र आइसा सेल्स ट्रेडिङ प्रा.लि. विरुद्ध दायर गरेको फिरादमा अदालतले दोष पुष्टि गरेको छ ।

व्यक्तिगत सापटी वापत एक करोड रुपैयाँको चेक दिइए पनि खातामा रकम नहुँदा तीन पटकसम्म चेक अनादर भएपछि जिल्ला न्यायाधीश योगनाथ ढकालको इजलासले दिपेन्द्र कुमार दासलाई एक करोड रुपैयाँ तथा वार्षिक १० प्रतिशत ब्याजसहित भराई पाउने आदेश दिएको हो । यो फैसला २०८० चैत २० गते सुनाइएको थियो ।

तीनै मुद्दामा प्रतिवादी महतो अदालतको म्यादमा उपस्थित नभई फरार रहेको उल्लेख छ । उनलाई बिहीबार काठमाडौँबाट पक्राउ गरी जनकपुर ल्याइएको प्रहरीले जनाएको छ । अदालतले खातामा मौज्दात नहुँदा पनि जानी–जानी चेक जारी गर्नु गम्भीर कानुनी कसूर भएको स्पष्ट पारेको छ ।

लगातार तीन ठूला बैंकिङ कसूर तथा चेक अनादर मुद्दामा दोषी ठहर भएपछि श्याम सुन्दर महतोमाथि थप गम्भीर कानुनी दायित्व परेको देखिएको छ ।

# श्मशान घाटमा सुधार अभियान तीव्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लक्ष्मीनिया गाउँपालिका वडा नम्बर २ मा रहेको दुधमती श्मशान घाटमा लामो समयदेखि देखिँदै आएको अव्यवस्था हटाउँदै सरसफाइ, विकास र व्यवस्थापनसम्बन्धी कार्य तीव्र रूपमा अगाडि बढाइएको छ । स्थानीय तहको पहलमा सुरु गरिएको सुधार अभियान अन्तर्गत श्मशान घाट क्षेत्रको व्यापक सरसफाइ, बाटो मर्मत, संरचना व्यवस्थापन र वातावरणीय सुधारका गतिविधि द्रुत गतिमा सञ्चालन भइरहेको छ ।

उपेक्षित अवस्थामा रहेको श्मशान घाटलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउने उद्देश्यसहित यो अभियान थालिएको हो । वडा नम्बर २ का अध्यक्ष लालजी साहको सक्रिय नेतृत्व र माँ राजदेवी समाज संरक्षण समितिका अध्यक्ष अजय यादवको अगुवाइमा अभियान अघि बढिरहेको छ । सोहनी र सिनुरजोडा गाउँका युवा, ज्येष्ठ नागरिक तथा स्थानीयवासीको सामूहिक सहभागिताले सुधार कार्यलाई थप प्रभावकारी बनाएको छ । स्थानीय युवाहरू श्रमदानमार्फत विकास कार्यमा अग्रसर छन् भने अन्य नागरिकहरूले आर्थिक सहयोग र स्वयंसेवी सेवाबाट अभियानलाई साथ दिइरहेका छन् । नियमित अनुगमन र सामूहिक जिम्मेवारीका कारण काम व्यवस्थित र निरन्तर रूपमा अघि बढिरहेको स्थानीयवासीले बताएका छन् । समुदायस्तरबाटै सुरु गरिएको यस पहलले दिगो विकास व्यक्तिगत प्रयासभन्दा सामूहिक सहभागिताबाट सम्भव हुने सन्देश दिएको स्थानीयको भनाइ छ ।

धार्मिक तथा सामाजिक रूपमा महत्वपूर्ण मानिने श्मशान घाटलाई मर्यादित र सुरक्षित बनाउने कार्यले समाजमा सकारात्मक ऊर्जा थपेको उनीहरूको विश्वास छ । वडा कार्यालयका अनुसार सुधार अभियान आगामी दिनमा पनि निरन्तर जारी रहनेछ । साथै, थप संरचना निर्माण र आवश्यक सुविधाहरू विस्तार गर्ने योजना समेत रहेको जनाइएको छ ।

# बाल सुधार गृहमा भीषण झडप, १३ घाइते १६२ जनालाई स्थानान्तरण



**मधेशदृष्टि**
**भक्तपुर ।**
भक्तपुरस्थित बाल सुधार गृहमा बिहीबार राति भएको झडपमा १३ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेकाले उनीहरू अस्पतालमा उपचाररत छन् । घटनापछि सुधार गृहमा रहेका १६२ जनालाई अन्यत्र स्थानान्तरण गरी भवन खाली गराइएको छ ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता तथा डीएसपी प्रकाश जगेबुका अनुसार सुधार गृहभित्र एक पक्षले अर्को पक्षमाथि हेपाहा प्रवृत्ति देखाउँदै कुटपिट गरेपछि झडप चर्किएको हो । झडपका क्रममा आगजनीसमेत भएको थियो ।

मध्यराति घटनाको सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो । स्थिति नियन्त्रणमा लिन सुधार गृहभित्र प्रवेश गर्ने प्रयास गर्दा भित्र रहेका व्यक्तिहरूले ढुंगामुढा गरेपछि प्रहरी तत्काल प्रवेश गर्न नसकेको डीएसपी जगेबुले जानकारी दिए ।

परिसरका एक अधिकृतका अनुसार घाइतेको उद्धार गर्न प्रहरी भित्र पस्न खोज्दा उल्टै आक्रमण भयो र त्यसपछि सुधार गृहमा आगो लगाइयो । उक्त सुधार गृहमा झडपअघि जम्मा १६४ जना थिए । आगजनीपछि भवनमा क्षति पुगेकाले सबैलाई अन्य स्थानमा सारिएको प्रहरीले जनाएको छ । स्थानान्तरण गरिएका बालबालिकालाई जिल्ला प्रहरी परिसर काठमाडौं र भक्तपुरको बाल सुधार निगरानी कक्षमा राखिएको डीएसपी जगेबुले बताए ।

# न्यायालय जलेपनि न्याय जलेको छैनः प्रधानन्यायाधीश



**बागलुङ।**
सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालयमा आगलागी भएपनि नागरिकलाई दिने न्याय नजलेको बताएका छन् । उच्च अदालत पोखरा बागलुङ इजालसको अत्याधुनिक भवनको उद्घाटनपछि बोल्दै उनले न्यायालय ध्वस्त पार्ने काम हिंसात्मक रहेको भन्दै खरानी टक्टकाएर न्यायालय उठेको बताए।

प्रधानन्यायाधीश राउतले सर्वोच्च अदालतमा जलेका २० हजार मिसिलमध्ये १४ हजारभन्दा बढी मिसिल तयार भइसकेको जानकारी दिए । उनले ती मिसिल विद्वान वकिल, बार इकाई र सरकारी वकिलको कार्यालयबाट प्राप्त भइसकेकाले न्यायालय पुनः उठेको बताए । नागरिकले न्यायालयप्रति विश्वास बढाउने काम सेवा प्रवाहबाट मात्रै देखिने भन्दै प्रधानन्यायाधीश राउतले भवन मात्र सुविधासम्पन्न नभई सेवा प्रवाहमा सन्तुष्टि दिन आवश्यक रहेकामा जोड दिए।

'जेनजी आन्दोलनपछि देश संवेदनशील अवस्थामा पुगेको भन्दै निर्मम समीक्षा गरेर सेवा प्रवाहमा गुणस्तर बढाउनुपर्ने देखिएको छ । हामीप्रतिको आवेग पनि निस्किएको, तर राज्यका तीन वटै अङ्ग जलाउने काम सुनियोजित हो, हामी उठेका छौँ', उनले भने, 'सर्वोच्च अदालत पुरानै अवस्थामा फर्कन थालेको छ, ढुक्क भएर नागरिकलाई सेवा प्रवाहमा खट्न न्यायाधीश र कर्मचारीलाई आग्रह गर्दछु । थप परिमार्जित भएर नागरिकमा गुणस्तरीय सेवा प्रवाहमा लाग्न आवश्यक छ।'

भूकम्पले क्षति पु¥याएको अदालतको भवन विसं २०७९ मङ्सिर १५ गते ३० महिनाभित्र सक्नेगरी निर्माण थालिएको थियो । गत जेठमा सम्झौता मितिभित्रै सम्पन्न भएर उक्त भवनबाट साउनदेखि सेवा दिन थालेको छ । गत असार २० गतेसम्म सम्झौता मिति रहेको उक्त भवन जेठ अन्तिममा निर्माणसम्पन्न भएर साउनबाट सेवा दिन थालिएको उच्च अदालत पोखरा बागलुङ इजलासका मुख्य न्यायाधीश नातिबाबु लामिछानेले जानकारी दिए।

नयाँ भवनमा छवटा अत्याधुनिक इजलास कक्ष रहेका छन् । जसकारण एकसाथ छ मुद्दाको इजलास गर्न सकिने न्यायाधीश लामिछानेले जानकारी दिए। उनका अनुसार अन्डरग्राउन्डसहित साढे छ तलाको उक्त भवनसँगै अथिति गृह, न्यायाधीश, रजिष्ट्रार, सुरक्षाकर्मी र कर्मचारी आवासका संरचना गरी तीन ब्लक निर्माण गरिएका छन्।

सात रोपनी जग्गामा निर्माण भएको उक्त भवन प्रविधिमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधीका साथै साबिक धौलागिरि अञ्चलका चार जिल्लामा रहेका इजलासमध्ये सबैभन्दा ठूलो र आधुनिक रहेको सघन सहरी तथा भवन निर्माण कार्यालयले जनाएको छ। रासस

# स्थानीय चिया पसलदेखि सार्वजनिक यातायातसम्ममा चुनावी बहस



**मोरङ ।**
प्रतिनिधिसभा सदस्यका लागि आगामी फागुन २१ गते हुने निर्वाचनमा मोरङका गाउँगाउँमा चुनावी सरगर्मी बढेको छ । मतदातामा चुनावी उत्साह देखिन थालेको छ । स्थानीय चिया पसलदेखि सार्वजनिक यातायातसम्ममा चुनावी बहस सुरु भएको छ । प्रतिनिधिसभा निर्वाचनका लागि मोरङमा छवटा निर्वाचन क्षेत्र रहेका छन्, जसमा एक सय १८ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।

जिल्ला निर्वाचन अधिकृतको कार्यालयका अनुसार मोरङ क्षेत्र नं १ मा १८ जना, क्षेत्र नं २ मा १७, क्षेत्र नं ३ मा २१, क्षेत्र नं ४ मा २१, क्षेत्र नं ५ मा २२ र क्षेत्र नं ६ मा २० जनाको उम्मेदवारी परेको छ । निर्वाचन आयोगमा उम्मेदवारी दर्ता भएसँगै जिल्लाका छवटै निर्वाचन क्षेत्रमा चुनावी चहलपहल सुरु भएको हो । निर्वाचन प्रचारप्रसारको औपचारिक सुरुआतअगावै उम्मेदवारहरूले घरदैलो कार्यक्रमलाई तीव्रता दिएको पाइन्छ ।

मोरङ क्षेत्र नं ३ मा नेपाली कांग्रेसका उम्मेदवार सुनिल शर्माले मतदातासँग भेटघाटलाई तीव्रता दिइरहेका छन् । उनीसँगै श्रम संस्कृति पार्टीका उम्मेदवार अमिर मगर पनि मतादाताको घरदैलोमा भेटिन्छन् । बिहानैदेखि उम्मेदवारहरू मतादाताको घरआँगनमा पुग्न थालेपछि स्थानीयमा चुनावको सरगर्मी बढेको नेपाली कांग्रेस मोरङ–३ का क्षेत्रीय सचिव राजेन्द्रबहादुर अधिकारी बताउँछन् । हाम्रो महत्वपूर्ण एजेन्डा भनेको नयाँ मतदातालाई कांग्रेसको पक्षमा मत हाल्ने वातावरण बनाउने हो, तसर्थ हामी हाम्रो पार्टी र उम्मेदवारका तर्फबाट शिक्षा, स्वस्थ्य, रोजगार र प्रविधिकेन्द्रित रणनीति रहन्छ ।

यस्ता कार्यक्रमले हाम्रा प्रतिस्पर्धी दलका उम्मेदवारभन्दा हाम्रा उम्मेदवार स्वभावतः लोकप्रिय हुने आशावादी छौँ सचिव अधीकारीले बताए । यसपटक हाम्राभन्दा पनि राम्रा उम्मेदवार छानेर मतदान गर्ने मोरङ क्षेत्र नं २ अमरदहका विदुर आचार्यले बताए । जनभावना बुझ्ने नेता नै मतदाताको रोजाइमा पर्ने उनले बताए । 'समय फेरिएको छ, भोट हालिसकेर पछुताउनुभन्दा त्यसअघि नै सचेत भएर भोट हाल्ने योजनामा हामी छौँ', मोरङ क्षेत्र नं ४ कसेनीका अमिन चौधरीले बताए ।

मोरङ क्षेत्र नं १ केराबारीस्थित भेटिएका ज्येष्ठ नागरिक शङ्कर पोख्रेल अर्का एक व्यक्तिसँग चुनावी बहस गर्दै भन्दै थिए, 'यसपटक सचेत भएर विकासप्रेमी उम्मेदवारलाई मत हाल्नुपर्छ, चुनाव जितेर गाउँ भुल्ने उम्मेदवारलाई मत नदिने ।'

जिल्लामा यसपटक सात लाखभन्दा बढी मतदाता पुगेका छन् । निर्वाचन आयोगका अनुसार अघिल्लो निर्वाचनको तुलनामा यसपटक मोरङमा ४७ हजार ५२५ मतदाता थपिएका हुन् । मोरङमा पुरुष मतदाता तीन लाख ९९ हजार ६८६ र महिला तीन लाख ८३ हजार ३५७ रहेका छन् । निर्वाचन आयोगको वेबसाइटमा उपलब्ध तथ्याङ्कअनुसार मोरङमा कुल मतदाता सङ्ख्या सात लाख ८३ हजार ५० पुगेको हो ।

# तनहुँका स्थानीय तहविरुद्ध अख्तियारमा ७३ उजुरी

**दमौली।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरा कार्यालयमा तनहुँका स्थानीय तहविरुद्ध ७३ उजुरी परेका छन् । चालु आर्थिक वर्षको हालसम्ममा जिल्लाका १० स्थानीय तहका ७३ उजुरी परेको जनाइएको छ । कार्यालयका अधिकृत उदय पराजुलीका अनुसार शुक्लागण्डकी नगरपालिकाविरुद्ध १६, व्यास नगरपालिकाविरुद्ध १४, भानु नगरपालिकाविरुद्ध १२, देवघाट गाउँपालिकाविरुद्ध ११, आँबुखैरेनी गाउँपालिकाविरुद्ध सात, बन्दीपुर गाउँपालिकाविरुद्ध सात, म्याग्दे गाउँपालिकाविरुद्ध चार, भिमाद नगरपालिकाविरुद्ध एक र घिरिङ गाउँपालिकाविरुद्ध एक उजुरी परेको छ । ऋषिङ गाउँपालिकाविरुद्ध भने उजुरी नपरेको पराजुलीले बताए।

यस्तै जिल्लामा गत आवको जिम्मेवारी सरी आएका २७ वटा मुद्दा रहेको छ । गत आव र चालु आवको गरी एक सय उजुरी रहेकामा ३८ उजुरी फछ्र्योट भएको पराजुलीले जानकारी दिए। देवघाट गाउँपालिका र अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरा कार्यालयको आयोजनामा बिहीबार देवघाट गाउँपालिकामा आयोजित कार्यक्रममा पराजुलीले भ्रष्टाचार र अनियमितताविरुद्ध उजुरी कसरी गर्ने, भ्रष्टाचारको रुप, भ्रष्टाचार कसुर र सजाय (भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३–२३)का बारेमा जानकारी गराएका थिए।

कार्यालयका प्रमुख नारायणप्रसाद रेग्मीले आयोगमा उजुरी पर्दैमा डराउनु नपर्ने बताए। उजुरी परेपछि त्यससम्बन्धी निष्पक्ष छानबिन हुने र निर्दोषलाई सफाइ र दोषीलाई कानुनअनुसार कारबाही हुने बताए। देवघाट गाउँपालिका अध्यक्ष तिलबहादुर थापाले स्थानीय तहले कुनै पनि काम गर्न लाग्दा अख्तियारमा उजुरी हालेर दुःख दिने गरेको बताए। रासस

# हात्तीपाइलेविरुद्धको दशदिने औषधि सेवन अभियान



**बाँके।**
बाँके जिल्लामा १६औँ पटक हात्तीपाइलेविरुद्धको औषधि सेवन अभियान सुरु भएको छ । शुक्रबारदेखि आगामी १० दिनसम्म डुडुवा गाउँपालिकामा अभियान सञ्चालन भएको हो । अभियानलाई प्रभावकारी बनाउन दिनभर, साँझ र राति पनि स्वास्थ्यकर्मी बिरामीका घरदैलोमा पुगेर औषधि खुवाउने डुडुवाका स्वास्थ शाखा प्रमुख सीताराम चौधरीले बताए । 'बिरामीका घर पुगेर औषधि खुवाइन्छ, समस्या भएका स्थानमा स्थानीय प्रबुद्धहरुलाई उभ्याएर समूहगत छलफल गरी औषधि सेवनका निम्ति उत्प्रेरित गरिन्छ', उनले भने।

यसअघि डुडुवामा पालिकास्तरीय हात्तीपाइलेविरुद्ध औषधि सेवन अभियानको अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । त्यसअवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका जनस्वास्थ्य अधिकृत रामकुमार महतोले हात्तीपाइले निवारणका लागि सरकारले गरेको लगानीबारे जानकारी दिएका थिए।

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले आफ्नै वडामा १६ औँ पटक हात्तीपाइलेविरुद्ध औषधि सेवन अभियान चलाउनु परेकोमा दुःख व्यक्त गर्दै अब फेरि अर्को अभियान सञ्चालन गर्नुपर्ने गरी काम गर्ने प्रतिबद्धता जनाए । डुडुवा–३ का वडाध्यक्ष आमोद तिवारीले आफ्नो वडामा १६ औं पटक हात्तीपाइलेविरुद्ध औषधि सेवन अभियानलाई सफल बनाउन आफू जुनसुकै समयमा परिचालित हुने प्रतिबद्धता व्यक्त गरे । डुडुवाको वडा नम्बर २ सबैभन्दा जोखिममा रहेको जनाइएको छ । अभियानमार्फत डुडुवा गाउँपालिकाका ४३ हजार ९७५ जना, नरैनापुर गाउँपालिकाका ४३ हजार ८९९ र नेपालगन्ज उपमहानगरपालिकाका एक लाख ६९ हजार ३३९ गरी कूल तीन लाख ५७ हजार ५१३ जनालाई औषधि खुवाउने लक्ष्य छ । अभियान सञ्चालनका लागि रु ४३ लाख बजेट विनियोजन गरिएको छ । रासस

# विद्यार्थीहरुलाई सम्मान तथा ल्यापटप वितरण



**मधेशदृष्टि**
**कलैया ।**
सरस्वती पूजाको अवसरमा फेटा गाउँपालिका–०३ स्थित अवस्थिस श्री ने.रा.मा.वि., फेटा–०३ को विद्यालय प्रांगणमा विशेष कार्यक्रम सम्पन्न भएको छ । फेटा गाउँपालिका अन्तर्गत आयोजित उक्त कार्यक्रममा शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान तथा प्रोत्साहन गरिएको हो ।

कार्यक्रम अन्तर्गत वडा नं. ३ का शिवम कुमार गुप्ता र प्रिया साह तथा वडा नं. १ का लेगशुप सागर पूर्णलाई उत्कृष्ट नतिजा हासिल गरेकोमा सम्मान गरिएको थियो । फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारीले सम्मानित तीनै जना विद्यार्थी तथा उनीहरूका अभिभावकहरूलाई खादा र गमछा ओढाई सम्मान गर्नुका साथै ल्यापटप वितरण गरेका थिए ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा, लेखा प्रमुख भोलाप्रसाद यादव तथा फेटा–०३ का सम्पूर्ण शिक्षक–शिक्षिकाहरूको उपस्थिति रहेको थियो ।

शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीहरूलाई थप हौसला प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको आयोजकले जनाएको छ ।

# मकवानपुरका ग्रामीण क्षेत्रमा चुनावी चहलपहल



**हेटौडा।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएकाहरू मकवानपुरका गाउँगाउँमा मतमाग्न पुगेपछि त्यहाँ चुनावी चहलपहल पनि प्रारम्भ भएको छ । विभिन्न पार्टीका स्थानीय मात्र होइन केन्द्रीय तहका नेता घरदैलो गर्न थालेसँगै गाउँबस्ती गुलजार भएका छन् । आफ्ना आन्तरिक बैठक र छलफलसँगै मतदाताका घरआँगनमा आफूहरु उम्मेदवारका साथ पुगेको नेपाली कांग्रेस हेटौंडा नगरसमितिका सभापति उत्सव इटेनीले बताए । नेपाली कम्युनिष्ट पार्टी मकवानपुरका नेता सर्केश घलान पनि दलका नेता कार्यकर्ताका साथ उम्मेदवार गाउँगाउँ पुगेकाले निर्वाचनको वातावरण बनेको उनले बताए ।

मकवानपुरमा दुई वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन् । दुवै निर्वाचन क्षेत्रमा पुराना र नयाँ उम्मेदवारहरु प्रतिस्पर्धामा छन् । मकवानपुर क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसबाट महालक्ष्मी उपाध्याय, नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राणा, नेपाली कम्युनिष्ट पार्टीका विजय गौतम, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रकाश गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट निवर्तमान सांसद दीपकबहादुर सिंह, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती र श्रम संस्कृति पार्टीबाट विद्या श्रेष्ठसहित २३ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यसैगरी, क्षेत्र नम्बर २ मा नेकपा एमालेबाट एमालेका केन्द्रीय सदस्य महेशकुमार बर्तौलाले उम्मेदवारी दर्ता गराएका छन् । उनीसँगै सो क्षेत्रमा नेपाली कांग्रेसबाट बुद्ध लामा, नेपाली कम्युनिष्ट पार्टीबाट लवशेर विष्ट, रास्वपाबाट प्रशान्त उप्रेती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबहादुर थोकर, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट सन्तोष विष्ट र श्रम संस्कृति पार्टीबाट युनिश लामासहित २१ जना उम्मेदवार चुनावी मैदानमा छन्। वाग्मती प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुरमा एक लाख ६१ हजार ९५३ पुरुष, एक लाख ५३ हजार ३७६ महिला र अन्य पाँच गरी कूल तीन लाख १५ हजार ३३४ जना मतदाता कायम छन्। रासस

# २५ औँ सशस्त्र प्रहरी दिवस मनाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले २५ औँ सशस्त्र प्रहरी दिवस विभिन्न कार्यक्रमको आयोजना गरी भव्य रूपमा मनाएको छ । कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सीमा सुरक्षादेखि विपद् व्यवस्थापनसम्म सशस्त्र प्रहरीले खेलेको सक्रिय भूमिका प्रशंसनीय रहेको बताएका छन् । उनले सशस्त्र प्रहरीले सीमामा खटिँदै जनतासँग सहकार्य गरेर उल्लेखनीय काम गरिरहेको उल्लेख गर्दै आगामी दिनमा पनि समुदायसँगको साझेदारीलाई अझ मजबुत बनाउन आग्रह गरे । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सशस्त्र प्रहरी बलले सीमा सुरक्षासँगै सामाजिक उत्तरदायित्वका क्षेत्रमा पनि उदाहरणीय काम गर्दै आएको बताए । विपन्न परिवारलाई न्यानो कपडा वितरण, स्वास्थ्य शिविर सञ्चालनजस्ता गतिविधिले सशस्त्र प्रहरीको सकारात्मक छवि निर्माण भएको उनको भनाइ थियो ।

उनले आगामी दिनमा सीमा क्षेत्रका बासिन्दालाई लक्षित गर्दै सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपालका पूर्व नायब महानिरीक्षक कृष्णभक्त ब्रह्मचार्यले शान्ति सुरक्षा र सीमा सुरक्षामा सशस्त्र प्रहरीको योगदान प्रभावकारी र उल्लेखनीय रहेको बताए ।

सशस्त्र प्रहरी बल पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले संगठनले तोकेको जिम्मेवारीअनुसार सशस्त्र प्रहरी निरन्तर कर्तव्यमा खटिरहेको उल्लेख गरे । सीमा सुरक्षासँगै राजस्व चुहावट नियन्त्रण तथा विभिन्न विपद्का घटनामा सशस्त्र प्रहरी अग्रपंक्तिमा रहेर काम गरिरहेको उनले जानकारी दिए ।

सशस्त्र प्रहरी दिवसको अवसरमा विभिन्न व्यक्ति तथा संघसंस्थालाई सम्मान गरिएको थियो । साथै २५ वर्षे सेवा अवधि पूरा गरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई विशेष सम्मानसमेत गरिएको थियो ।

# मिथिलामा वसन्तपञ्चमीसँगै कृषि नववर्षको उत्सव

**महोत्तरी ।**
मधेसका महोत्तरीसहित प्राचीन मिथिला क्षेत्रमा विद्याकी अधिष्ठातृ सरस्वतीको पूजनोत्सव वसन्तपञ्चमी पर्वकै दिन कृषि नववर्ष उत्सव मनाउने परम्परा छ । चन्द्रमास गणनाअनुसार माघ शुक्ल पञ्चमीका दिन मनाइने वसन्तपञ्चमीका दिन मिथिलामा कृषि नववर्ष मनाइने पुरानो प्रचलन अद्यापि कायम छ । मिथिला मुख्यतः कृषि कर्मको थलो मानिन्छ ।

यहाँका अधिकांश धार्मिक तथा सांस्कृतिक पर्व कृषिसँग जोडिएका छन् । श्रीपञ्चमी कृषि क्षेत्रको नयाँ वर्ष प्रारम्भ हुने दिनकै रूपमा मानिने मैथिल परम्परा रहेको मिथिला संस्कृतिका जानकारहरू बताउँछन् । श्रीपञ्चमी किसानका लागि नववर्षको प्रारम्भ हो, यसै दिन किसान अघिल्लो एक वर्षका लागि कृषि श्रमिकको वरण गर्छन् जलेश्वर–५ का बासिन्दा तथा मिथिला संस्कृतिविद् ध्रुव राय बताउँछन् । यसै दिन किसानले वर्षभरि हलोफाली पिट्ने, हँसिया उभार्ने र अन्य कृषि ज्यावल मर्मत गर्ने लोहार चयन गर्छन् ।

श्रमिक र लोहार वरणको यो परम्परामा किसानले वर्षभरि दिने पारिश्रमिकको टुङ्गो गरेर यिनलाई दोसल्ला ओढाएर वरण गर्दै मिष्टान्न भोजन गराइ दक्षिणा दिने चलन रहेको अवकाशप्राप्त सहप्राध्यापक राय बताउँछन् ।

वसन्तपञ्चमी पर्वकै किसानले खेतबारी जोत्ने परम्परा छ । खेत जोतेर वर्षभरि खेतीपातीको अनुकूल समय रहोस् भन्ने कामना किसानको हुन्छ, जलेश्वर–४ सुगाभवानीपट्टीका ८५ वर्षीय कृष्णचन्द्र झा बताउँछन् । यस दिन खेत जोतेपछि वर्षभरि कृषि कर्मको प्रतिफल पाइने जनविश्वास रहेको पूर्वप्रशासक झाको भनाई छ । मिथिलामा यस दिन हलो, कुटोकोदालोसहितका कृषि ज्यावल धोइपखाली पूजा गर्ने चलन रहेको झा सम्झन्छन् । कृषि ज्यावलको पूजा गरिँदा यी सामान टिकाउ हुने र शुभ फलदायक हुने माथिलावासीको विश्वास रहेको उनी बताउँछन् ।

वसन्तपञ्चमी पर्वकै दिन देखि वसन्त ऋतु सुरु हुने, ठन्डी घट्ने र दिन लामा हुने भएकाले मौसमी परिवर्तनले चैती फसल–गहुँ, चना, मुसुरो, रहरी र सस्यूँलाई अनुकूलता हुने किसानको विश्वास छ । बसन्त पञ्चमीकै दिन बालीको बीउका लागि उन्नत दाना छान्ने, सुकाउने र सुरक्षित भण्डारण गर्ने परम्परा रहेको गौशाला–१० बटुवाका ७५ वर्षीय किसान लक्ष्मीप्रसादसिंह कुशवाहा बताउँछन् । यसै दिन शुद्धीकरण गरिएको बीउलाई धूप–आरती देखाउने चलन रहेको उनको बुझाई छ । गोबरको भकारो पनि आजैदेखि व्यवस्थापन गर्ने प्रचलन रहेको उनको भनाइ छ ।

वसन्तपञ्चमी पर्वकै दिन कृषि नववर्ष मानिने परम्परामा कृषि श्रमिकको छनोट र वरण नपाइएको कैयौँ वर्ष भइसकेको भङ्गाहा–४ रामनगरका ६० वर्षीय किसान गोविन्दलाल थारु बताउँछन् । कृषि कर्मका युवा श्रमिक कामका लागि भारतको हरियाणा र पञ्जाब जाने प्रवृत्तिले यहाँ जनशक्तिको प्राप्ति कठिन भएको उनको अनुभव छ । यसबाहेक तीनै तहका सरकारबाट वास्तविक किसानले कृषिसम्बद्ध सुविधा र सहुलियत नपाउँदा परम्परा धान्न कठिन भएको उनको भनाइ छ ।

**‘हलो र गोरु पूजा’**

नेपाल र भारतको मिथिलाञ्चल क्षेत्रमा शुक्रबार हलो गोरु पूजा गरिएको छ । प्रत्येकवर्ष झै श्रीपञ्चमीको अवसर पारेर महोत्तरी जिल्लासहित सम्पूर्ण मिथिलाञ्चका किसानले बसन्त पञ्चमकीका दिन आ–आफ्ना हलो र गोरुको पूजा गर्दै हलो गोरु पूजा गरेका छन् ।

परम्परागत रूपमा यहाँ किसानले यस दिनलाई कृषि कार्यको सुरुआत मान्दै हलो र गोरुको पूजा गर्दै आएको जलेश्वर नगरपालिका– ५ का संस्कृतिविद् ध्रुव झाले बताए । मिथिलाञ्चलका किसानले आ–आफ्ना आँगनमा गाईको गोबरले लिपपोत गरेर, फूलमाला, अक्षेता, अबीर, चामल, लड्डुलगायतका वस्तुसहित आँगनमा हलो राखेर पूजाआजा गरेका छन् । यस्तै, घर बाहिर गोरुलाई नुहाइ नयाँ रङ्गीचङ्गी डोरी लगाएर पूजा गर्ने गरेको जलेश्वर नगरपालिका– ८ का पण्डित बद्रीनारायण झाले बताए ।

किसानले हलो र गोरुको पूजा गरिसकेपछि नजिकैको खेतमा लगेर एकछिन जोत्ने चलन रहेको जलेश्वर–८ कै अर्का पण्डित अनिल पाठकले बताए । धेरै किसानले नयाँ किनेको गोरुलाई पहिलो पटक खेत जोत्न लगाउने तथा बाछोबाट गोरुको रूपमा तयार भइसकेकालाई आजकै दिनबाटै गोरु बनाउने चलन रहेको छ ।

किसानले हलोमा धार लगाउने, कोदालो धारिलो पार्ने तथा हँसिया र खुर्पासहितको कृषि औँजारलाई नयाँ धार लगाएर एकछिन प्रयोगमा ल्याउने प्रचलनसमेत रहेको छ । श्रीपञ्चमीको अवसरमा किसानले अरवा चावलमा सख्खर मिलाएर एक किसिमको कृषिप्रसाद तयार पार्दछन् भने हलो र गोरुको पूजा गरेर एकआपसमा अबीर दल्ने तथा प्रसाद वितरण गर्ने गरेका छन् । रासस

# राजेश्वर साहको उम्मेदवारी फिर्ता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर– २ बाट प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार राजेश्वर साहले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । स्वतन्त्र उम्मेदवारी दिएका साहले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । उम्मेदवारी फिर्ता लिने समयावधिभित्र स्वतन्त्र उम्मेदवार साहले निवेदन दिएर आफ्नो उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत मधुसूदन आचार्यले बताए । उम्मेदवारी फिर्ता लिएका स्वतन्त्र उम्मेदवार साहले आफू कांग्रेस समर्थक रहेको र समन्वय नहुँदा उम्मेदवारी दिएको बताउँदै अब कांग्रेसका आधिकारिक उम्मेदवारलाई सघाउने बताएका छन् ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा दुई वटा मोटरसाइकल एकआपसम ठोक्किँदा दुई युवकको ज्यान गएको छ । गौर–पिपरा सडकखण्डको राजदेवी नगरपालिका पथरामा प्र ०२–०३–०१८ प २३४६ र भारतीय नम्बरको बीआर ३० ए एफ २३७० नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा दुर्गाभगवती गाँउपालिका–का अशोक महतो र राजदेवी नगरपालिका–२ का अरविन्द महतोको मृत्यु भएको हो । तीव्र गतिमा रहेका दुवै मोटरसाइकल ठोक्किँदा गम्भीर घाइते भएका दुवै जनालाई उपचारका क्रममा अस्पताल तर्फ लाँदै गर्दा बाटैमा ज्यान गएको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी तथा प्रवक्ता विष्णुप्रदीप बस्यालले जानकारी दिए ।

# डिजिटल ठगीबारे सर्वसाधारणलाई सचेत रहन आग्रह



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्र बैंकले वीरगंजमा डिजिटल ठगी तथा साइबर स्क्यामका घटनाहरू बढ्दो क्रममा रहेको भन्दै सर्वसाधारणलाई सचेत रहन आग्रह गरेको छ । राष्ट्र बैंकले पत्रकार सम्मेलनमार्फत पछिल्लो समय विभिन्न माध्यम प्रयोग गरी ठगीका घटना तीव्र रूपमा बढिरहेको जानकारी गराएको हो । राष्ट्र बैंकले सेवाग्राहीलाई युजरनेम, पासवर्ड, पिन तथा कसैसँग पनि साझा नगर्न, बलियो पासवर्ड प्रयोग गर्न तथा मल्टि–फ्याक्टर अथेन्टिकेसन अपनाउन आग्रह गरेको छ । साथै इमेल, एसएमएस, मोबाइल, एप्लिकेसन र नेटवर्क सुरक्षित राख्न तथा अन्तर–एप डेटा सेयरिङ र विभिन्न एप्सले माग्ने अनुमति सम्बन्धी जोखिमबारे सचेत रहन सुझाव दिएको छ । वित्तीय अनुशासन र डिजिटल सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने राष्ट्र बैंकले जनाएको छ ।

# सरस्वती पुजा वीरगंजमा उल्लासका साथ मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी अर्थात् ‘सरस्वती पूजा’ वीरगंज सहित देशैभर श्रद्धा र उल्लासका साथ मनाइएको छ । विद्याकी देवी सरस्वतीको विधिपूर्वक पूजा आराधना गरी विद्या, बुद्धि र सृजनशीलता प्राप्त हुने विश्वासका साथ वीरगंजका विभिन्न सरस्वती मन्दिर, विद्यालय, कलेज, संचार गृह तथा शैक्षिक संस्थामा विशेष कार्यक्रम आयोजना गरिएका हुन् । वीरगंज महानगर क्षेत्रका विद्यालय, कलेज, ट्युशन सेन्टर तथा शैक्षिक संस्थाहरूमा बिहानैदेखि सरस्वती पूजा सुरु भएको थियो ।

ठाकुरराम बहुमुखी क्याम्पसलगायतका उच्च शिक्षा अध्यायन संस्थाहरूमा सरस्वतीको विशेष पूजासहित सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ । एसइइ परीक्षाको तयारीमा जुटेका विद्यार्थीहरूले देवी सरस्वतीसँग सफलता र ज्ञानको कामना गरेका छन् ।

# मागभन्दा बढी निर्वाचन प्रहरीको आवेदन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा माग भन्दा बढी निर्वाचन प्रहरीको आवेदन परेको छ । फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनका लागि आह्वान गरिएको संख्या भन्दा दोब्बर बढीको आवेदन परेको छ । जिल्ला प्रहरी तथा सशस्त्र प्रहरी पर्साले उपलब्ध गराएको विवरण अनुसार ५ दिनभित्र निर्वाचन प्रहरीका लागि आवेदन दिनेको सङ्ख्या दुइवटै निकायमा मागभन्दा दोब्बर बढीको आवेदन छ । निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साले यहाँ नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरेर दुई हजार ८५२ जना आवेदन माग गरेको थियो । तर मागभन्दा दोब्बरले बढी अर्थात् पाँच हजार ९७७ जनाले आवेदन दिएका छन् । जिल्ला प्रहरीका डिएसपी प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार पुष २५ गतेदेखि माघ १ गतेसम्ममा नेपाल प्रहरीतर्फबाट मात्र पाँच हजार ३९९ जनको आवेदन परेको छ ।

यस्तै सशस्त्र प्रहरीतर्फ ३८५ निर्वाचन प्रहरीको आवेदन माग गरिएकामा ५७८ जनाले आवेदन दिएका छन् । आवेदन दिनेहरुमा ६१ जना महिला तथा ५१७ जना पुरुष रहेका सशस्त्र प्रहरी प्रमुख पुरनचन्द भट्टले जानकारी दिए ।

# एसईईमा परीक्षार्थीको सहभागीमा कमि

**मधेशदृष्टि**
**वीरगंज ।**
चैत्र १९ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई)मा पर्साबाट यो वर्ष गत वर्ष भन्दा कम परीक्षार्थी सहभागी हुदैँछन् । शिक्षा विकास तथा समन्वय एकाइ पर्साका अनुसार यो वर्ष पोहोर सालभन्दा ६३३ जना कम विद्यार्थीले एसईई परीक्षा दिनेछन् । कार्यालयका प्रमुख मोतीप्रसाद भट्टराईका अनुसार यस वर्ष हुने एसइई परीक्षामा जिल्लाभरबाट १० हजार ७०१ जना परीक्षार्थीले भाग लिइरहेका छन् । यस वर्ष नियमिततर्फ ८ हजार ५७ जना, ग्रेडवृद्धितर्फ दुई हजार ४५९ जना र प्राविधिकधारतर्फ १८५ जना परिक्षार्थी सहभागी हुने उनले बताए । गत वर्ष ११ हजार ४१३ जना परीक्षार्थीले परीक्षा दिएका थिए ।

# क्यान्सरपीडितको उपचारमा सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज युवा समाजले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत मोरङ जिल्लाको उर्लाबारी नगरपालिका–८ अठीयाबारी निवासी क्यान्सर पीडित बीर बहादुर धिमालको उपचारका लागि आर्थिक सहयोग प्रदान गरेको छ ।

आन्द्राको क्यान्सरबाट पीडित धिमालको उपचारमा सहयोग पु¥याउने उद्देश्यले समाजका प्रतिनिधि टोली शुक्रबार भरतपुर महानगरपालिका–७ स्थित बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल पुगेको थियो ।

समाजका अध्यक्ष संजीव थापा, रकम संकलन संयोजक बिनोद धिमाल तथा सदस्यहरू रोशन गुप्ता, मनोज गुप्ता र सुशील सिंहको उपस्थितिमा पीडित परिवारलाई नगद ५५ हजार रुपैयाँ हस्तान्तरण गरिएको हो ।

# मिडियाको भूमिका विषयक विचार गोष्ठी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सम्बन्ध सुदृढ गर्न मिडियाको भूमिका महत्वपूर्ण हुने विषयमा केन्द्रित रही वीरगञ्जमा विचार गोष्ठी सम्पन्न भएको छ । विचार गोष्ठीमा नेपाल–भारत पत्रकारिताबीचको सम्बन्ध, सीमावर्ती क्षेत्रमा समाचार संकलन गर्दा देखिने चुनौती, पत्रकारहरूको सुरक्षा, प्रेस स्वतन्त्रता तथा जिम्मेवार पत्रकारिताको भूमिकाबारे गहन छलफल गरिएको थियो ।

सहभागी वक्ताहरूले दुई देशबीचको ऐतिहासिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउन मिडियाले सकारात्मक, तथ्यपरक र उत्तरदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हरिहर विरही, नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल, भारतीय पत्रकार मण्डलका नेता तथा आईएफजे उत्तराखण्डका अध्यक्ष बाला भाष्कर, आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्का, लगायत नेपाल र भारतका पत्रकारहरूको सहभागिता रहेको थियो ।



सम्पादकीय

# विकास सहायता सरकारबाहिरैः पारदर्शितामाथि गम्भीर प्रश्न !

नेपालले प्राप्त गर्ने वैदेशिक विकास सहायता रकम क्रमशः सरकारको औपचारिक बजेट प्रणाली र सरकारी कोषभन्दा बाहिर खर्च हुँदै जानु गम्भीर चिन्ताको विषय बनेको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको 'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट २०२२÷०२३' ले देखाएको तथ्यांकले विकास साझेदारहरूसँगको सहकार्य मात्र होइन, राज्यको संस्थागत क्षमता, पारदर्शिता र जवाफदेहितामाथि नै गहिरो प्रश्न उठाएको छ। आर्थिक वर्ष २०२२÷२३ मा नेपालले प्राप्त गरेको कुल विकास सहायता रकममध्ये २२ दशमलव ५ प्रतिशत बजेट प्रणालीभन्दा बाहिर खर्च भएको छ।

अघिल्लो वर्ष यो अनुपात २० दशमलव ८ प्रतिशत थियो। अझ गम्भीर पक्ष के छ भने पछिल्ला चार वर्षमै 'अफ–बजेट' खर्च ६ प्रतिशत बिन्दुभन्दा बढीले बढेको छ। यो क्रमले नेपालको विकास वित्त व्यवस्थापन सही दिशामा नभएर उल्टो दिशातर्फ गइरहेको स्पष्ट संकेत गर्छ। बजेट बाहिर मात्र होइन, बजेटभित्र देखाइएको रकम पनि ठूलो हिस्सा सरकारी कोष प्रणाली (ट्रेजरी) बाहिरै खर्च भइरहेको छ । २०२२÷०२३ मा 'अन–बजेट' आएको रकममध्ये केवल ४० दशमलव ३ प्रतिशत मात्र सरकारी ढुकुटीमार्फत खर्च भयो । बाँकी रकम सरकारको प्रत्यक्ष नियन्त्रण, लेखापरीक्षण र प्राथमिकता निर्धारण प्रक्रियाभन्दा बाहिर रह्यो । यसको अर्थ, संसद्, महालेखा परीक्षक र सार्वजनिक निगरानी संयन्त्रले पूर्ण रूपमा नदेख्ने ठाउँमा ठूलो विकास बजेट परिचालित भइरहेको छ।

विकास सहायता 'अफ–बजेट' र 'अफ–ट्रेजरी' हुँदै जानु केवल प्राविधिक समस्या होइन, यो राज्यको विश्वसनीयता र नीति कार्यान्वयन क्षमतासँग प्रत्यक्ष जोडिएको राजनीतिक प्रश्न हो। दाताहरूले सरकारको प्रणाली प्रयोग गर्न नचाहनु वा नसक्नुको अर्थ, उनीहरू सरकारी संयन्त्रलाई प्रभावकारी, पारदर्शी र जवाफदेही ठानिरहेका छैनन् भन्ने पनि हुन सक्छ । यसले सरकारको योजना प्रणाली कमजोर बन्दै गएको, परियोजनाहरू छरपस्ट रूपमा सञ्चालन भइरहेको र विकासको समग्र राष्ट्रिय प्राथमिकता धुमिल बन्दै गएको संकेत गर्छ।

यसबीच अर्को चिन्ताजनक तथ्य के हो भने पछिल्ला वर्षहरूमा विकास सहायता रकम आफैं घट्दो क्रममा छ। २०१९÷०२० मा दुई अर्ब अमेरिकी डलर पुगेको सहायता त्यसयता निरन्तर घट्दै २०२२÷०२३ मा एक अर्ब ४० करोड डलरमा सीमित भएको छ। सहायता घट्दै जानु र त्यसको ठूलो हिस्सा सरकारको नियन्त्रणभन्दा बाहिर जानु यी दुई प्रवृत्तिको संयोजन विकास शासनका लागि झन् खतरनाक संकेत हो।

'अफ बजेट' खर्च धेरै हुनुको प्रत्यक्ष असर विकासको प्रभावकारितामा पर्छ । सरकारको वार्षिक योजना, क्षेत्रगत प्राथमिकता र संघीय संरचनाको आवश्यकता अनुसार स्रोत परिचालन हुन सक्दैन।

परियोजनाहरू दोहोरिन सक्छन्, केही क्षेत्र अत्यधिक सहायता पाउँछन् भने केही उपेक्षित रहन्छन्। परिणामतः विकास सहायता राष्ट्रिय लक्ष्यभन्दा बढी दाताको प्राथमिकता र परियोजना केन्द्रित सोचमा सीमित हुन जान्छ।

यस अवस्थाले स्पष्ट सन्देश दिन्छ अब वैदेशिक सहायता ल्याउनेभन्दा पनि त्यसलाई कसरी राष्ट्रिय प्रणालीभित्र बाँध्ने भन्ने मुख्य चुनौती बनेको छ । बजेट र ट्रेजरी प्रणालीलाई विश्वसनीय, सरल र पारदर्शी बनाउनु, आयोजना व्यवस्थापन क्षमता बढाउनु र दातालाई सरकारी संयन्त्र प्रयोग गर्न उत्प्रेरित गर्नु सरकारको प्राथमिकता हुनुपर्छ । नत्र विकास सहायता नामको स्रोत राष्ट्रिय विकासको मेरुदण्ड बन्नुको सट्टा छरिएको, कमजोर निगरानी भएको र दीगो प्रभाव नदेखिने खर्चमै सीमित हुने जोखिम बढ्दै जानेछ।

अफ बजेट बढ्नु केवल अंकगणितीय परिवर्तन होइन, यो राज्य संयन्त्र कमजोर बन्दै गएको सूचक हो। यदि यही प्रवृत्ति रोकिनेन भने नेपालमा विकास सहायता सरकारको हातमा होइन, सरकारको वरिपरि घुम्ने साधनमा सीमित हुनेछ। त्यसैले अब प्रश्न सहायता कति आयो भन्ने मात्र होइन, त्यो सहायता कति राष्ट्रिय प्रणालीभित्र आयो र कति राज्यको दृष्टि र नियन्त्रणभित्र रह्यो भन्ने हुनुपर्छ। यही प्रश्नको उत्तरमै नेपालको विकासको विश्वसनीयता टाँसिएको छ।

# 'भगवान् बेचेरै परिवार पालेँ पाप हो या पुण्य थाहा छैन'

जुनु भट्टराई



**विराटनगर।**
चाउरी परेका गाला, निधारभरि उमेरका रेखा तर अनुहारमा कहिल्यै नओइलाउने मीठो मुस्कान । उमेरले आठ दशक नाघ्नै लागे पनि जोस र आत्मविश्वास भने अझै जवान छ । विराटनगर–बरगाछीस्थित जय माँ काली मूर्तिकला केन्द्रभित्र पस्ने जो–कोहीलाई पहिलो नजरमै लाग्छ यो कुनै थाकेको वृद्धको संसार होइन, आफ्नै श्रम र विश्वासले बनाएको एउटा जीवित कलाको दुनियाँ हो। यही संसारका सर्जक हुनुहुन्छ, ८० वर्षीय दिनेशकुमार मेहेतो।

हातमा माटो, आँखामा भगवान्को आकृति र मनमा निरन्तर सिर्जनाको ऊर्जा बोकेर बसेका मेहेतोको दिन आज पनि उस्तै व्यस्त छ । बिहानदेखि साँझसम्म मूर्तिकलामै डुबिरहने उनको जीवनशैली हेर्दा उमेरले कहिल्यै छोएन जस्तो लाग्छ। 'उनको जोस देख्दा १६–१७ वर्षे युवासँग तुलना गर्न मन लाग्छ,' छिमेकीहरु उनलाई देखेर भन्छन्, 'वर्षौंदेखि उही लगन र मिहेनत देख्छु, उनको काममा थाक्ने नामै छैन।'

झन्डै साढे चार दशकअघि सुरु गरिएको मूर्तिकला व्यवसाय आज मेहेतोका लागि केवल जीविकोपार्जनको साधन मात्र होइन, जीवनकै अर्थ बनेको छ। परिवारको खुसी, आस्थाको सम्मान र आत्मसन्तुष्टिको संसार उनले यही कार्यशालाभित्र सजाएका छन्। माटोबाट देवता बनाउने यो यात्रामा उनले समय, स्वास्थ्य र उमेरको सीमा कहिल्यै मापन गरेनन् । असी वर्ष पुगिसक्दा पनि उनी आफ्नो पेसा र भविष्यप्रति ढुक्क देख्छन् । 'जबसम्म श्वास छ, यही काम गर्छु,' मेहेतो आत्मविश्वासका साथ भन्छन्, 'आफ्नो सुझबुझले भ्याएसम्म भगवान्को मूर्ति बनाएर बस्छु । अब जतिन्जेल बाँच्छु, यही पेसा चल्छ। बाँचुन्जेल यही मूर्ति बनाएर खान्छु।'

उनको यो भनाइ केवल शब्द होइन, जीवनभरको अभ्यास र विश्वासको प्रतिफल हो। बरगाछीको यो सानो मूर्तिकला केन्द्र मेहेतोका लागि पसल मात्र होइन, यो उनको साधना, पहिचान र जीवन यात्राको साक्षी हो । उनको जोस देख्दा यस्तो लाग्छ, उनले संसार जितिसकेका छन् । त्यही आफूले जितेको संसार आफ्नो दुनियाँमा सजाएर परिवारलाई खुसी बाँडिरहेका छन्।

झन्डै साढे चार दशक अगाडि मूर्तिकला व्यवसाय शुरु गरेका मेहेतोलाई अझै पनि आफ्नो श्वास रहुन्जेल यही पेसालाई निरन्तरता दिएर गुजारा चलाइन्छ भन्ने लागेको छ। कर्म सबैले गर्छन्, कर्म गर्नेहरु त्यही कर्मलाई पूजा ठान्छन् तर दिनेशका लागि भने पूजा नै कर्म हो। बिहान उठेर नित्यकर्म सकेपछि उनको दैनिकी यही मन्दिर बनाउने कलाबाट सुरु हुन्छ र दिनको अन्त्य पनि । यही मूर्तिकला नै आफ्नो संसार भएको बताउँदै दिनेश भन्छन्, 'जेठो छोरो नै ४० कटिसक्यो, त्यसबेला देखिको सङ्घर्ष अहिलेसम्म पनि उस्तै नै छ। तर सङ्घर्षले थकान दियो तर पीडा भने कहिल्यै दिएन।'

मेहेतोको १० जनाको परिवारको सबै आर्थिक भार थेग्दै आएको छ मूर्तिकला व्यवसायले। सुरुसुरुमा एक्लैको सीपले जेनतेन परिवार पाल्दै आएका मेहेतो छोराहरु हुर्किंदै गएपछि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको बताउँछन्। छोराहरु सानो हुँदै गर्दा उनको काममा श्रीमतीले पनि सहयोग गर्ने गरेकी थिइन् । पछि छोराहरुले सीप सिकेपछि उनीहरुले पनि बुबालाई साथ दिन थालेका छन्। यो पेसामा मात्र होइन, हरेक पेसामा दुःख, अप्ठ्यारो जस्ता साह्रोगाह्रो सबैलाई हुने कुरा भएकाले आफूहरुलाई त्यस्ता कुराले कहिल्यै हतास नभएको महतो बताउँछन्।

दिनेशका तीन छोरामध्ये जेठो राकेश पहिलेदेखि नै बाबुको सीपलाई सिकेर बाबुकै केन्द्रको काम सम्हाल्दै आएका छन् भने माइला छोरा नितेश सात वर्षपहिले गाडी तथा सिटी सफारी चलाउने काम गर्छन् । हाल उनी पनि बाबुकै व्यापारमा सहयोग गरिरहेका छन् भने कान्छो छोरा केन्द्रबाट नै आल्मोनियमको काम गर्दै आएका छन्। दिनेशका माहिला छोरा नितेश आफूले बुझ्ने भएदेखि बुबाहरु यति मूर्तिकलाको काम गर्दै आएकाले यो पेसाप्रति छुट्टै प्रकारको लगाव भएको बताउँछन् । बुबाको यो पेसाप्रतिको लगन र प्रेम देखेपछि आफूलाई अन्य पेसामा जान मन नलागेका कारण आफूले पनि यही सीप सिकेर काम सुरु गरेको बताउँछन्।

निकेश भन्छन्, 'बुढा भएको बाबु दिनरात मिहेनतका साथ काम गरिरहेका छन्, समयमै माग दिन नसकिरहेको अवस्थामा आफूले कसरी अन्यत्र काम गर्नु ? मनले मानेन त्यसैले बुबाकै ब्यवसायमा सहयोग गर्छु भनेर यतै सुरु गरे।' मूर्ति निर्माणका लागि आवश्यक पर्ने कच्चापदार्थको रुपमा माटो पराल सुत्ली (सनपाटको डोरी) काँटी, सजावटको कपडा, मुकुट कपालजस्ता विभिन्न प्रकारका नक्कली गहनाहरु भारतको सिलगुडीबाट ल्याउने गरेको नितेश बताउँछन् । 'पराल त यही ठेलाले ल्याइदिन्छ', नितेश भन्छन्, 'मूर्तिमा लगाउने सम्पूर्ण श्रृङ्गारका सामग्री र रङहरु भने हामी सिलगुडीबाट ल्याउने गरेका छौँ।'

वर्षौंदेखि एकै ठाउँमा एउटै व्यक्तिले व्यावसायिक रुपमा मूर्ति बनाउँदै आएकाले बजारको समस्या छैन । वर्षको एक लाख १० हजार भाडा तिरेर परिवार पाल्न कुनै समस्या नरहेको दिनेश बताउँछन् । केही वर्षयता भने पहिलेको जस्तो मूर्तिको माग नआएको निकेश बताउँछन् । उनी भन्छन्, 'पहिलेजस्तो माग नभए पनि परिवारमा अन्य सदस्यहरुबाट पनि केही आयस्रोतका बाटोहरु भएकाले चिन्ता लिनुपर्ने अवस्था भने छैन।'

कतिपय ग्राहकहरु मूर्ति बनाउन माग दिएर जान्छन् तर फर्केर आउँदैनन्, त्यस्तो अवस्थामा भने उनीहरुलाई निकै असहज हुने गर्दछ। 'सुरुमै सम्पूर्ण भुक्तानी लिन सकेको खण्डमा सबै समयमै आएर आफ्नो मागअनुसार सामान लान्छन्', नितेश भन्छन्, 'थोरै अग्रिम भुक्तानी लिएर काम गर्दा सामान खरिद गर्नै अन्य पैसा थप्नुपरेको हुन्छ, त्यसमाथि सामान लिन नआइदिंदा हामीलाई सिधै घाटा हुने गर्दछ ।' कोरोनाको समयपछि भने व्यवसाय पहिलेजस्तो नभएको उनी सुनाउँछन् । उनी भन्छन्, 'कोरोनाको समय सन्त्रासको कारण सार्वजनिक स्थलमा मानिसको चहलपहल नहुँदा भने गुजारा चलाउन केही कठिन भएको थियो।'

वैशाखबाट सुरु गरेपनि माघसम्म मूर्तिकलाको काममा निकै व्यस्त समय हो । माघदेखि वैशाखसम्म फेरि व्यापार सुक्खा हुन्छ । यो छ महिना बेमौसममा पनि बाबुले व्यापार धान्ने गरेका छन्। कहिलेकाहीँ दिनेशलाई आफूले बनाएको मूर्ति बेच्दा खल्लो लाग्ने गरेको बताउँछन्। 'हामी देवीदेउताका मूर्ति बेचेर खाँदैछौँ, त्यो पाप नै होला नि ?' बाबुले यति भनिरहँदा छोरा नितेश भने भने आफूहरुलाई मूर्ति बनाएर बाँच्नु भनेर भगवान्ले आशीर्वाद स्वरुप कला दिएको बताउँछन्।

केन्द्रमा भगवान्का मूर्तिहरू मात्रै आँखामा पर्दैनन्, कुनामा सजाएर राखिएका माटोका चुला, परम्परागत भाँडाकुँडा, स–साना सजावटी सामग्री र दैनिक प्रयोगमा आउने कलात्मक वस्तुहरूले पनि ध्यान तान्छन्। यी सामग्रीहरूले जय माँ काली मूर्तिकला केन्द्रलाई केवल मूर्तिको पसल होइन, माटोबाट बनेको एउटा जीवन्त संस्कृति सङ्ग्रहालय जस्तै बनाइदिएका छन्।

यी अधिकांश कलात्मक सामग्री दिनेशकुमार मेहेतोकी श्रीमतीको हातको सीप हुन् । उनी फुर्सदका क्षणलाई खाली बस्न नदिई माटोसँग खेल्दै सिर्जनामा लगाउने गर्छिन् । 'मूर्ति बनाउने काम उनको हो, अरू सामग्री म बनाउँछु,' दिनेशकी श्रीमती सहज रूपमा भन्छिन्। घरायसी जिम्मेवारी र पारिवारिक कामकाजबीच उनले समय निकालेर बनाएका माटोका सामग्री अहिले केन्द्रको अर्को पहिचान बन्दै गएका छन्।

विशेषगरी माटोका चुलाहरू ग्राहकबीच निकै लोकप्रिय छन् । परम्परागत स्वाद र चुलोको न्यानोपन खोज्ने ग्राहकहरूले यी चुलालाई प्राथमिकताका साथ लैजाने गरेको मेहेतो दम्पती बताउँछन्। 'आजभोलि पनि माटोको चुलो खोज्दै आउनेहरू धेरै हुन्छन्,' दिनेश भन्छन्, 'पहिले मूर्ति लिन आउने ग्राहकले 'यस्ता अरू माटोका सामान पनि बनाउनुहुन्छ ?' भनेर सोध्न थाले। ग्राहकको यही चासो र मागपछि केन्द्रमा मूर्तिबाहेक अन्य सामग्री राख्ने क्रम सुरु भएको हो।'

दैनिक जीवनमा प्रयोग हुने भाँडाकुँडा, धुपदानी, माटोका बत्ती, फूलदानी, खुत्रुक्के र चुलो बिक्रीका लागि राखिएका छन् । 'ग्राहकको रुचि बुझेर नै सामग्री थप्दै गयौं,' दिनेश बताउँछन्, "आवश्यकताले नै हाम्रो सिर्जनालाई फराकिलो बनायो ।' यसले मेहेतो परिवारलाई अतिरिक्त आम्दानी मात्रै दिएको छैन, परम्परागत माटोको सीपलाई जोगाइराख्ने एउटा माध्यम पनि बनेको छ । दिनेश मूर्ति बनाउँदै गर्दा श्रीमती अर्को कुनामा माटोका सामग्रीलाई आकार दिइरहेकी देखिन्छिन्। त्यो दृश्य आफैँमा श्रम, सहकार्य र पारिवारिक आत्मनिर्भरताको कथा पनि हो।

सानो ठाउँमा अटाएका यी माटोका सामग्रीहरूले केन्द्रलाई अझ जीवन्त बनाएका छन् । कतिपय ग्राहकहरू मूर्ति हेर्न छिर्छन् तर हातमा माटोको चुलो वा सजावटी सामग्री किनेर निस्किने गर्दछन्। यसरी जय माँ काली मूर्तिकला केन्द्रमा माटो केबल पूजा र आस्थासँग मात्र होइन, दैनिकी र जीवनशैलीसँग पनि जोडिएको छ। रासस

# कालानमक धानको स्वाद र सुगन्ध जोगाउने कसरत

भेषराज बस्नेत

**बाँके।**
कुनै समय बाँके र बर्दियाका खेतका फाँटहरूमा मगमग बास्ना चल्थ्यो । जब कालानमक धान पाक्ने बेला हुन्थ्यो, बाटो हिंड्ने बटुवा पनि त्यसको सुगन्धले लोभिन्थे। तर समय फेरिएसँगै बजारमा भित्रिएका बढी फल्ने र छिटो पाक्ने उन्नत (हाइब्रिड) जातका धानको भीडमा ती रैथाने बास्नाहरू हराउन थाले।

अहिले बाँकेमा ३४ हजार १९० हेक्टरमा धानखेती हुन्छ तर ती फाँटहरूमा कालानमकजस्ता परम्परागत जातका धानको उपस्थिति करिब शून्य जस्तै छ । किसान व्यावसायिकतातर्फउन्मुख भएसँगै थोरै लगानीमा धेरै प्रतिफल खोज्दा हाम्रा मौलिक स्वादहरू सङ्कटमा परेको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ।



**किन हराउँदैछ कालानमक ?**

कालात्मक धान लोप हुनुका पछाडि मुख्य तीन कारण छन् कम उत्पादन, बढी समय र उच्च लगानी । कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी सन्तोष पाठकका अनुसार यो धान तयार हुन करिब १४० दिन लाग्छ । असारमा रोपेको धान मङ्सिरको पहिलो साता मात्र भित्र्याउन सकिन्छ। 'विगतमा यसको खेती निकै हुन्थ्यो तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै लाभ लिनतिर लागे', उनी भन्छन्, 'यसमा सिँचाइ र स्याहार बढी चाहिने तथा रोग किराको प्रकोप पनि बढी देखिने भएकाले किसान 'हाइब्रिड'तिर आकर्षित भए।'

कालानमक धानखेतीमा केही प्राविधिक समस्याहरू पनि छन् । पहिलेका बीउहरू धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या थियो। अहिले होचो जातको बीउ प्रयोगमा ल्याइएको छ। अर्को समस्या भनेको 'किरा'को हो । असोज–कात्तिकमा अन्य धान भित्र्याइसकेपछि वरपरका सबै किराहरू ढिलो पाक्ने कालात्मकमा सर्ने गर्छन्, जसले धान पोकट बनाउने जोखिम रहन्छ। 'विगतमा बाँके र बर्दिया जिल्लामा यसको खेती हुन्थ्यो तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै उत्पादन गरेर लाभ लिनतिर लागे', सूचना अधिकारी पाठकले भने, 'कालानमकको खेती शून्य प्रायः भएपछि अहिले यसको प्रवर्द्धन र प्रचारमा लागेका छौँ।'

पहिलाको कालानमक धानको बीउ धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या भएकाले अहिले होचो कालानमक बीउ प्रयोगमा ल्याइएको छ । किसानले रासायनिक मल धेरै हाल्ने चलन रहेकाले ढल्ने समस्या देखिएको हुँदा युरिया, डिएपी र पोटासको सन्तुलित प्रयोग गर्न किसानलाई सल्लाह दिने गरिएको पाठकले बताए। उनका अनुसार आर्थिक रूपमा भने यो धान निकै लाभदायक देखिन्छ । सामान्य धानको मूल्य प्रतिक्विन्टल रु तीन हजार पाँच सय छ भने कालानमक प्रतिक्विन्टल रु १० हजारसम्ममा सजिलै बिक्री हुन्छ । विशेषगरी उच्च घराना र पर्यटकको पहिलो रोजाइमा पर्ने हुनाले यसको बजार सुनिश्चित छ।

**संरक्षणको आशा**

हराउँदै गएको यो रैथाने सानलाई जोगाउन कृषि ज्ञान केन्द्र बाँकेले अहिले विशेष पहल थालेको छ । कृषि अनुसन्धान परिषद् (नार्क) खजुराबाट प्राप्त बीउलाई बाँकेको वैजनाथ गाउँपालिका–८ टिटिहिरियाका किसान जगनारायण चौधरीको खेतमा परीक्षणका रूपमा लगाइएको छ। चौधरीले करिब एक हेक्टर क्षेत्रफलमा कालानमक खेती गर्दै आएका छन् । पाँच वर्षदेखि यो धान जोगाउन लागेका उनी भन्छन्, 'उत्पादनमा खर्च बढी लाग्छ, तर यसको बजारमा माग निकै छ।'

यस प्रजातिको धानको उत्पादनमै बढी खर्च लाग्ने भएकाले मूल्य महङ्गो परेको जनाइएको छ। यो धान असारमा रोपेपछि मङ्सिरको पहिलो साता मात्रै काट्न तयार हुन्छ । सिँचाइ पनि पर्याप्त चाहिन्छ। करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ। अन्य धान असोज–कात्तिकमा भित्र्याउँदा त्यहाँका पतेरा किरा कालानमकमा जाने र धान पोकट बनाउने समस्या हुने गरेको कृषक चौधरीले बताए।

**आयात प्रतिस्थापनको लक्ष्य**

सरकारले अहिले मसिनो तथा बास्नादार धान प्रवद्र्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ र प्रविधिमा अनुदान दिन थालेको छ । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेका अनुसार कालानमक जस्ता रैथाने धानको उत्पादन बढाएर बाहिरबाट हुने मसिनो चामलको आयात प्रतिस्थापन गर्ने योजना छ । आधुनिकताको दौडमा हामीले हाम्रा रैथाने बीउबिजन गुमाउँदै गएका छौं । टिटिहिरियाका जगनारायण चौधरी जस्ता किसान र कृषि ज्ञान केन्द्रको यो प्रयासले 'कालानमक' को सुगन्ध फेरि बाँकेका फाँटहरूमा फर्किने आशा जगाएको छ । यदि प्रविधि र सन्तुलित मलखादको प्रयोगमा किसानलाई प्रोत्साहन गर्ने हो भने कालानमक केबल पहिचान मात्र होइन, समृद्धिको आधार पनि बन्न सक्छ।

बाँकेमा किसानले रामधान, राधा ४, एमपी ६०, गोरखनाथ लगायतको हाइब्रिड धान रोप्दै आएका छन्। रैथाने धानको जातलाई प्रवद्र्धन गर्न खोजे पनि किसानले रुचि नदेखाएको कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ घिमिरेको भनाइ छ । यो धान उत्पादन बढाउन बाँकेमा प्रवद्र्धनात्मक कार्यक्रम नै लागू गरिएको छ । मसिना तथा बास्नादार धान प्रवद्र्धन कार्यक्रमअन्तर्गत किसानलाई बिउ र कृषि प्रविधिमा अनुदान दिने गरिएको छ। कालानमक धानको उत्पादन बढाएर मसिनो धान आयात प्रतिस्थापन गर्ने योजना रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

पुराना रैथाने जातबाट उत्पादन कम हुने र रोगकिरासित लड्ने क्षमतामा पनि कम हुने भएकाले पुराना जातको सट्टा नयाँनयाँ जातको धान खेती हुने गरेको छ । बालीको निश्चित अवधिपछि रोगकिराको प्रतिरोधात्मक शक्तिमा कमी हुन्छ। यसले रासायनिक मल तथा विषादी बढी प्रयोग गर्नुपर्ने हुनाले उत्पादन लागत बढ्न जाँदा किसानले नयाँ जात खोज्ने गरेको घिमिरेको भनाइ छ।

पछिल्ला दिनमा किसानका खेतमा कालोरङका स्यामजिरा, कालानमक र मसिनो बासमती धानका बाला झुलेको देखिन छाडेका छन् । अहिले किसानले उन्नत र हाइब्रिड जातका धानखेती गर्दै आएको नेपालगञ्ज–१९ का किसान ललवा माहुतले बताए । 'नयाँ पुस्ताले रैथाने बीउको प्रयोग गर्नै चाहँदैनन्, रोगप्रतिरोधात्मक धानको बिउ अहिले लोप भयो', किसान माहुतले भने, 'व्यापार व्यवसायतर्फ नयाँपिँढी लाग्दा दोस्रो पुस्ताले हाम्रा बाउबाजेले यो धानखेती गर्थे र भनेर चकित पर्ने दिन आउन सक्छ।'

कृषि ज्ञान केन्द्रका अनुसार मसिनो बासमती, कालानमक र स्यामजिरा जस्ता धानका लागि अन्य जातका धानकोभन्दा धेरै पानी चाहिन्छ । उत्पादन पनि उन्नत र हाइब्रिड जातका धानको तुलनामा कम हुन्छ। पश्चिम तराईका अधिकांश जिल्लामा पर्याप्त सिँचाइ सुविधा नभएका कारण किसानले पानी बढी चाहिने रैथाने स्थानीय जातका धानखेती गर्न छाडेर सुक्खा सहनसक्ने उन्नत जातका विभिन्न हाइब्रिड धानखेती गर्न थालेका छन् । रैथाने जातको धान प्रतिहेक्टर तीनमेट्रिक टनसम्म उत्पादन हुन्छ भने उन्नत र हाइब्रिड जातको धान प्रतिहेक्टर पाँच मेट्रिकटनसम्म उत्पादन हुन्छ।

**रैथाने धान उत्पादनमा गाभरवासी अग्रसर**

बाँकेको बैजनाथ गाउँपालिका–१ गाभर भ्याली पछिल्लो समयमा आएर रैथाने उत्पादनको महत्वपूर्ण पकेट क्षेत्र बन्दै गएको छ। स्थानीय र प्रदेश सरकारले रैथाने प्रजातिका अन्नबालीहरूको संरक्षणमा जोड दिँदै नीति तथा कार्यक्रम ल्याएपछि यो क्षेत्रमा रैथाने उत्पादनमा विशेष ध्यान दिइएको हो । लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमै रैथाने प्रजातिका अन्नबाली संरक्षण कार्यक्रम समावेश गरेकोले बाँके जिल्लाको गाभर भ्यालीमा रैथाने धान उत्पादन सुरु गरिएको गाभर भ्याली सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरीले बताए।

यो क्षेत्रमा पाइने कालानमक, घैया, गर्भे र अनदीलगायतका रैथाने धानहरू लोप हुने अवस्थामा पुगेपछि संरक्षण गर्ने अभियान सुरु भएको छ । गाभर क्षेत्रमा एक बिघाभन्दा बढी क्षेत्रफलमा यस्ता धानको खेती भइरहेको छ । गाभर भ्यालीमा आउने पर्यटकहरू रैथाने उत्पादन अवलोकन गर्न पनि आउने गरेको उनले बताए। यी धानहरू संरक्षण गरेर यस क्षेत्रको ऐतिहासिक र सांस्कृतिक महत्व झल्काउँदै रैथाने धानहरूको व्यावसायिक उत्पादन गर्ने योजना रहेको चौधरीको भनाइ छ। रासस

# वैदेशिक विकास सहायता बजेट खर्च बढ्दो

**काठमाडौँ।**
नेपालले प्राप्त गर्ने वैदेशिक विकास सहायता रकम राष्ट्रिय बजेट प्रणाली र सरकारी कोषभन्दा बाहिरबाट खर्च हुने क्रम निरन्तर बढ्न थालेको छ । सरकारको वार्षिक बजेट पुस्तिका (रातो किताब) मा समावेश हुने रकमलाई बजेट–भित्र (अन बजेट) र रातो किताबमा समावेश नभईकन खर्च हुने रकमलाई बजेट–बाहिर (अफ–बजेट) को खर्च मानिन्छ।

त्यस्तै, रातो किताबमा समावेश भएको रकम पनि केही सरकारको ढुकुटी अर्थात् सञ्चित कोष प्रणालीमार्फत (अन–ट्रेजरी ) खर्च हुने गरेको छभने ठूलो रकम कोष बाहिर (अफ–ट्रेजरी) खर्च हुने गरेको छ। अर्थ मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको 'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट–२०२२/२३' अनुसार उक्त आर्थिक वर्षमा नेपालले पाएको कुल विकास सहायता रकमको साढे २२ प्रतिशत बजेट प्रणालीभन्दा बाहिरबाटै खर्च भएको देखिएको छ।

प्रतिवेदनअनुसार नेपालले आर्थिक वर्ष २०२२/२३ मा एक अर्ब ४० करोड अमेरिकी डलर बराबरको विकास सहायता प्राप्त गरेकामा एक अर्ब १० करोड हाराहारी अर्थात् करिब ७७ दशमलव पाँच प्रतिशत 'अन बजेट' र ३० करोड ९३ अमेरिकी डलर अर्थात् २२ दशमलव पाँच प्रतिशत अफ बजेट आएको देखिन्छ । 'अन–बजेट' आएको मध्ये पनि ४० दशमलव तीन प्रतिशत अर्थात् ४२ करोड ८१ लाख अमेरिकी डलर मात्र सरकारी कोषबाट खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट–२०२१/२०२२' अनुसार सो आर्थिक वर्षमा नेपालले प्राप्त गरेको कुल वैदेशिक विकास सहायताको २० दशमलव आठ प्रतिशत रकम सरकारको वार्षिक बजेटबाहिर (अफ–बजेट) बाट खर्च भएको उल्लेख छ । अर्थात् अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०२२/२३ मा अफ बजेट ओडिए एक दशमलव सात प्रतिशत बिन्दुले बढेको छ। त्यस्तै, आर्थिक वर्ष २०१९/२० मा १६ दशमलव पाँच प्रतिशत र आव २०२०/२१ मा १५ दशमलव सात प्रतिशत अफ बजेट खर्च भएको थियो । आर्थिक वर्ष २०२०/२१ यताका चार वर्षमा मात्रै 'अफ–बजेट' खर्च साढे छ प्रतिशत बिन्दुले बढेको छ।

पछिल्ला वर्षहरुमा विकास सहायता रकम पनि निरन्तर घटिरहेको देखिन्छ । आव २०२१/२२ मा नेपालले अमेरिकी डलर दुई अर्ब ४० करोड बराबरको वैदेशिक विकास सहायता प्रतिबद्धता पाएकामा वास्तविक प्राप्ति अमेरिकी डलर एक अर्ब ४० करोड बराबर थियो । त्योभन्दा अघिल्लो वर्ष अर्थात् आव २०२०/२१ मा नेपालले अमेरिकी डलर एक अर्ब ७० करोड बराबर विकास सहायता लिएको थियो भने आव २०१९/२० मा पछिल्लो १० वर्षयताकै उच्च अर्थात् अमेरिकी डलर दुई अर्ब बराबर विकास सहायता प्राप्त भएको थियो । विकास सहायता प्राप्तिको यो तथ्याङ्क हेर्दा आव २०१९/२० मा २६ दशमलव नौ प्रतिशतले बढेको थियो भने पछिल्ला वर्षहरुमा निरन्तर घटिरहेको देखिन्छ।

**'अफ–बजेट' कुन वर्ष कति ?**

अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार धेरैजसो गैरसरकारी संस्थाहरुले नेपालमा खर्च गर्ने ठूलो रकम गैरबजेटरी देखिन्छ । अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०१९/२० मा नेपालले दुई अर्ब अमेरिकी डलर बराबर विकास सहायता प्राप्त गर्दा अमेरिकी डलर एक अर्ब ७ करोड अन–बजेट आएको थियो। जुन ८३ दशमलव पाँच प्रतिशत बराबर हो। उक्त वर्ष प्राप्त भएको कुल वैदेशिक सहायतामा १६ दशमलव पाँच प्रतिशत 'अफ–बजेट' खर्च भएको देखिन्छ।

त्यस्तै, उक्त वर्ष ५२ दशमलव आठ प्रतिशत मात्र 'अन–ट्रेजरी खर्च छ। आर्थिक वर्ष २०२०/२१ मा अमेरिकी डलर एक अर्ब ७० करोड वैदेशिक विकास सहायता प्राप्ति हुँदा अमेरिकी डलर एक अर्ब ४० करोड 'अन–बजेट' र अमेरिकी डलर २६ करोड ४७ लाख बराबर 'अफ–बजेट' आएको छ । ८४ दशमलव तीन प्रतिशत बजेट भित्रबाट र १५ दशमलव सात प्रतिशत बजेट बाहिरबाट खर्च भएको छ। उक्त वर्ष ६६ दशमलव ६ प्रतिशत विकास सहायता सरकारी कोष प्रणालीबाट खर्च भएको छ।

त्यस्तै, आर्थिक वर्ष २०२१/२२ मा वैदेशिक विकास सहायतामध्ये 'अन–बजेट' ७९ दशमलव दुई र 'अफ–बजेट' २० दशमलव आठ प्रतिशत बराबर थियो । उक्त आर्थिक वर्षमा 'अन–ट्रेजरी' खर्च भएको विकास सहायताको अंश ५७ दशमलव चार प्रतिशत बराबर छ।

आर्थिक वर्ष २०२२/२३ सम्म आइपुग्दा एक अर्ब ४० करोड अमेरिकी डलर बराबरको विकास सहायता प्राप्त गरेकामा एक अर्ब १० करोड हाराहारी अर्थात् करिब ७७ दशमलव पाँच प्रतिशत 'अन बजेट' र ३० करोड ९३ अमेरिकी डलर अर्थात् २२ दशमलव पाँच प्रतिशत अफ बजेट आएको देखिन्छ । 'अन–बजेट' आएको मध्ये पनि ४० दशमलव तीन प्रतिशत अर्थात् ४२ करोड ८१ लाख अमेरिकी डलर मात्र सरकारी कोषबाट खर्च भएको प्रतिवेदनमा उल्लेख छ । रासस

# मर्यादित भएर संसद्को जिम्मेवारी पूरा गर्न अपिल

**काठमाडौँ।**
राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले प्रतिनिधिसभा विघटनको वर्तमान अवस्थामा सङ्घीय संसद्को जिम्मेवारी राष्ट्रिय सभामाथि थप बढेकाले सांसदहरूलाई अझ व्यवस्थित, मर्यादित र जिम्मेवार ढङ्गले भूमिका निर्वाह गर्न अपिल गरेका छन्।

सङ्घीय संसद् राष्ट्रिय सभाको १९औँ अधिवेशनको शुक्रबारको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले संसद् केवल विधायिकी कार्यमा सीमित नहुने, नागरिकका आवाज उठाउने, लोकतान्त्रिक मूल्य–मान्यताको संरक्षण गर्ने र राष्ट्रलाई सङ्कटबाट निकास दिने थलो भएको उल्लेख गरे।

जेनजी पुस्ताको भ्रष्टाचारविरोधी आन्दोलनबाट उत्पन्न परिस्थितिलाई राष्ट्र र राष्ट्रिय एकता, संवैधानिक तथा लोकतान्त्रिक मान्यतालाई ध्यानमा राख्दै समाधान गर्नुपर्नेछ । युवाको माग सामाजिक न्याय र समावेशी लोकतन्त्रको विकाससँगै भ्रष्टाचार निवारण तथा सुशासन कायम गर्ने नै हो। सङ्घीय संसद् यी लक्ष्यहरू पूरा गर्ने केन्द्रबिन्दु भएकाले यसलाई त्यही रूपमा सदुपयोग गर्न म सबै पक्षलाई अपिल गर्दछु उनले बताए।

अध्यक्ष दाहालले १८औँ अधिवेशनको दौरान देशमा विकसित राजनीतिक घटनाक्रम, त्यसबाट सिर्जित राजनीतिक उथलपुथल तथा सरकारी एवम् निजी सम्पत्तिमा भएको क्षतिको घटनाको स्मरण गरे। विशेषगरी जेनजी पुस्ताले अघि सारेको भ्रष्टाचारविरोधी आन्दोलनले देशको राजनीतिक परिदृश्यमा गहिरो प्रभाव पारेको उल्लेख गर्दै उहाँले त्यसबाट उत्पन्न परिस्थितिलाई संवैधानिक, लोकतान्त्रिक मूल्य र राष्ट्रिय एकतालाई केन्द्रमा राखेर समाधान गर्नुपर्नेमा जोड दिए।

जेनजी पुस्ताको भ्रष्टाचारविरोधी आन्दोलनबाट उत्पन्न परिस्थितिलाई राष्ट्र र राष्ट्रिय एकता, संवैधानिक तथा लोकतान्त्रिक मान्यतालाई ध्यानमा राख्दै समाधान गर्नुपर्ने छ अध्यक्ष दाहालले भने,



'युवाको माग सामाजिक न्याय र समावेशी लोकतन्त्रको विकाससँगै भ्रष्टाचार निवारण र सुशासन कायम गर्ने नै हो । सङ्घीय संसद् यी लक्ष्यहरू पूरा गर्ने केन्द्रबिन्दु भएकाले यसलाई त्यही रूपमा सदुपयोग गर्न म सबै पक्षलाई अपिल गर्दछु'।

जेनजी प्रदर्शनका क्रममा नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवन जलेर पूर्ण रूपमा नष्ट भएपछि राष्ट्रिय सभाको १९औँ अधिवेशन सिंहदरबारस्थित पुरानो भवनमा सञ्चालन भइरहेको छ । गत भदौ २३ र २४ गते भएको जेनजी युवाको आन्दोलनका कारण १८औँ अधिवेशन प्रक्रियागत रूपमा काम पूरा नहुँदै अन्त्य भएको थियो । जसका कारण उक्त अधिवेशनका कामकारबाहीको विवरण सभासमक्ष प्रस्तुत गर्न नसकिएको उनले बताए।

अध्यक्ष दाहालले प्रतिनिधिसभा विघटनपछि नयाँ निर्वाचनको जिम्मेवारीसहित गठन भएको अन्तरिम सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति तोकेको स्मरण गराउँदै देश अहिले निर्वाचनको अन्तिम सङ्घारमा रहेको बताए । 'सरकार, राजनीतिक दलहरू निर्वाचनको तयारीमा छन् र निर्वाचन आयोगले कार्यतालिका बनाएर निर्वाचन प्रक्रिया तीव्र बनाएको छ,' उनले भने।

यसैबीच राष्ट्रिय सभाको पनि एक तिहाइ सदस्यको कार्यकाल सकिन लागेकाले यही माघ ११ गते १८ नयाँ सदस्य निर्वाचित भएर आउने जानकारी दिँदै अध्यक्ष दाहालले चालु अधिवेशनअघि नै नयाँ चुनौतीका साथ थप नयाँ जिम्मेवारी काँधमा आएको अनुभूति भएको बताए । उनले प्रतिनिधिसभाको निर्वाचन भई नयाँ संसद्ले काम सुरु नगरेसम्म सङ्घीय संसद्को जिम्मेवारी पूरा गर्न राष्ट्रिय सभाले नै नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने स्पष्ट पारे।

राष्ट्रिय सभामा हालसम्म उत्पत्ति भएका ६८ विधेयकमध्ये ३९ विधेयक प्रमाणीकरण भइसकेका, १२ विधेयक सरकारले फिर्ता लिएका र प्रतिनिधि सभा विघटनका कारण राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधिसभामा विचाराधीन रहेका सातसहित जम्मा १२ विधेयक निष्क्रिय भएको अध्यक्ष दाहालले जानकारी दिए । हाल सभामा विचाराधीन पाँच विधेयकमध्ये एक विधेयक सैद्धान्तिक छलफलको चरणमा रहेको, एक विधेयक विधायन व्यवस्थापन समितिबाट पारित भई प्रतिवेदन पेस भएको र तीन विधेयक दफावार छलफलको अन्तिम चरणमा रहेको उनले बताए।

प्रतिनिधि सभा विघटनका कारण दुवै सभामा अन्तिम चरणमा पुगेका विधेयक निष्क्रिय हुनु दुःखद पक्ष भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भविष्यमा संविधान संशोधन वा राजनीतिक परिवर्तनको समयमा महत्वपूर्ण विधेयकको निरन्तरता कायम गर्न ध्यान दिनुपर्ने आवश्यकता औँल्याए । अठारौँ अधिवेशन बजेट अधिवेशनका रूपमा सञ्चालन हुँदा दलगत समझदारी कायम गरी बजेट माथिको खर्च कटौती प्रस्तावलगायत विषयमा प्रक्रियागत सरलीकरण गरिएको उल्लेख गर्दै अध्यक्ष दाहालले राष्ट्रिय सभाको कामकारबाहीलाई छिटो, छरितो र प्रभावकारी बनाउन निरन्तर सुधार गरिएको दाबीसमेत गरे। उनका अनुसार अघिल्ला अधिवेशनको तुलनामा गत अधिवेशनमा मन्त्रीहरूसँग हुने मौखिक प्रश्नोत्तरको संख्या बढेको थियो र यस अधिवेशनमा पनि यसलाई उच्च प्राथमिकता दिइनेछ । यसबाट मन्त्रीहरू संसद् र जनता दुवैप्रति थप उत्तरदायी हुने विश्वास दाहालले व्यक्त गरे । राष्ट्रिय सभा नियमावली, २०७५ अनुसार अठारौँ अधिवेशनमा सातै प्रदेशमा एकैपटक निर्वाचक मण्डलसँग समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको स्मरण गर्दै अध्यक्ष दाहालले यसले सङ्घीयताका कमजोरी पहिचान गर्न र सङ्घीय संरचना सुदृढ बनाउन सहयोग पुगेको विश्वास व्यक्त गरे । राष्ट्रिय सभाका विषयगत समितिहरूका अध्ययन प्रतिवेदनमाथि छलफलको जवाफ दिन प्रधानमन्त्री स्वयं उपस्थित हुने अभ्यासलाई निरन्तरता दिइएको उल्लेख गर्दै उनले आगामी दिनमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको अभ्यासबारे समेत सोच्न सदस्यहरूको ध्यानाकर्षण गराए।

सभामा सहमतीय संस्कृतिलाई उच्च बनाउँदै औपचारिक तथा अनौपचारिक छलफलमार्फत विवादास्पद विषयमा सहमतिमै निष्कर्ष निकाल्ने अभ्यासले राष्ट्रिय सभालाई जिम्मेवार र परिपक्व संस्थाका रूपमा स्थापित गर्न सहयोग पुगेको उनको भनाइ थियो। अध्यक्ष दाहालले सन् २०२५ अक्टोबर १९ देखि २३ सम्म स्विट्जरल्यान्डको जेनेभामा सम्पन्न आइपियू को १५१औँ सम्मेलनमा आफ्नो नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी भएको जानकारी दिए । सम्मेलनमा सङ्कटको समयमा मानवीय मान्यताको पालना र मानवीय कार्यलाई समर्थन गर्ने विषयमा सम्बोधन गरेको उल्लेख गर्दै उनले जलवायु परिवर्तनका कारण हिमालयको इकोसिस्टममा उत्पन्न सङ्कट र त्यसले नेपालजस्ता अल्पविकसित देशमा सिर्जना गरेको गम्भीर समस्याबारे अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको बताए।

त्यस्तै, जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र आगामी निर्वाचनका लागि आवश्यक सहयोग उपलब्ध गराउन अन्तरराष्ट्रिय समुदायलाई आह्वान गरिएको पनि उनले जानकारी दिए। अध्यक्ष दाहालले राष्ट्रिय सभाको कामकारबाही सुव्यवस्थित र प्रभावकारी बनाउन उपाध्यक्ष, सम्पूर्ण सदस्य, समितिहरू, सङ्घीय संसद् सचिवालय, नेपाल सरकार, सञ्चारमाध्यम र नागरिक समाजको योगदान स्मरण गर्दै धन्यवाद व्यक्त गरे। नयाँ राजनीतिक परिवेश र नयाँ भवनमा सभा सञ्चालन गर्दा देखिन सक्ने प्राविधिक कठिनाइबीच पनि १९औँ अधिवेशनलाई कामकाजी, उपलब्धिमूलक र जनताको भावना तथा अपेक्षाअनुसार सञ्चालन गर्न सबैको सहयोग रहने विश्वास उनले व्यक्त गरे।

देशको समग्र विकास, सुशासन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि राष्ट्रिय सभामा निर्वाह गरिने गरिमामय भूमिकाका लागि म सबै माननीय सदस्यहरूलाई हार्दिक अपिल गर्दछु अध्यक्ष दाहालले बताए।

**राष्ट्रियसभामा तीन अध्यादेश पेस**

राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा गृहमन्त्री ओमप्रकाश अर्यालले तीन अध्यादेश पेस गरेका छन् । बैठकमा मन्त्री अर्यालले 'मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा ऐन (दोस्रो संशोधन) अध्यादेश, २०८२' पेस गरेका हुन्।

यस्तै, विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' सभासमक्ष पेस गरेका हुन्। यसैगरी विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'पर्यटन विधेयक, २०८१' सम्बन्धी समितिको प्रतिवेदन सभासमक्ष पेस गरे।

बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपति कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन र कार्यभार तोकिएकोसम्बन्धी पत्रहरुको व्यहोरा पढेर सुनाएका थिए । बैठकले पूर्वमन्त्रीहरु ऋषिकेश गौतम, मोहम्मद अफ्ताब आलम, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र पूर्वसांसद कृष्णकुमारी श्रेष्ठको निधनमा शोक प्रस्ताव पारित गरेको छ । राष्ट्रियसभाको अर्को बैठक यही माघ १३ गते मङ्गलबार दिउँसो १:१५ बजे बस्नेछ। रासस

# युवा पुस्ताको क्षमताको सम्मान गर्नुपर्छ

राष्ट्रिय सभाका सदस्यहरुले देशको विकासमा युवा पुस्ताको क्षमतालाई समेटिनुपर्ने बताएका छन् । शुक्रबार बसेको राष्ट्रिय सभाको बैठकमा बोल्दै उनीहरुले मुलुकको राजनीतिक परिस्थिति सुधार गर्न पनि युवा मनोभाव सम्बोधन गरिनुपर्ने धारणा राखे।



राष्ट्रिय सभा सदस्य मोहम्मद खालिदले नातावाद र आफन्तलाई अवसर दिने परिपाटीले गर्दा धेरै सक्षम युवा दिक्क मानेर विदेसिनुपरेको बताए । यस्तो परिस्थितिबाट देशलाई जोगाएर सक्षम र दक्ष जनशक्तिलाई स्वदेशमै टिकाउने रणनीतिबारे सोच्नुपर्ने उनको सुझाव थियो।

राष्ट्रिय सभा सदस्य देवेन्द्र दाहालले जेनजी आन्दोलनको समीक्षा गर्दै मुलुकको विकास पुरानो पुस्ता र नयाँ पुस्ताबीचको सहकार्यमा सम्भव हुने बताए । दलहरुको औचित्यमाथि प्रश्न गर्ने र अर्कोतर्फ दल बनाएर आउनेले जनतालाई भ्रममा पारेका उनले बताए। युवा पुस्ता र पुराना पुस्ताको कित्ताकाट गरेर विकास सम्भव नहुने उनको धाराणा थियो। रासस

# देशभरमा ४९ जनाको उम्मेदवारी फिर्ता

**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका विभिन्न निर्वाचन क्षेत्रबाट ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको निर्वाचन आयोगले जनाएको छ । आयोगले शुक्रबार आयोजना गरेको साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले हालसम्म विभिन्न निर्वाचन क्षेत्रबाट आयोगको प्रणालीमा प्राप्त जानकारी अनुसार ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको जानकारी दिए । यससम्बन्धी थप जानकारी आउनेक्रम जारी रहेको उनले बताए।

उम्मेदवारी दर्तादेखि फिर्ता लिनेसम्मका निर्वाचन कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रुपमा भएको आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको पनि नामावली प्रकाशन गरी माघ १० गतेसम्म दाबी विरोधको समय दिइएको प्रवक्ता भट्टराईले जानकारी दिए। समानुपातिक प्रणालीका लागि राजनीतिक दलले गत पुस १३ र १४ गते बन्दसूची पेस गरेका थिए। माघ १० गते शनिबार समानुपातिकतर्फको दाबी विरोध सकिएपछि अन्तिम नामावली प्रकाशन गरिने त्यस अवसरमा जानकारी दिइयो । प्रत्यक्ष निर्वाचनतर्फको अन्तिम नामावली आज देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयमार्फत प्रकाशन गरिएको आयोगले जनाएको छ।

शुक्रबार ४ बजेदेखि ७ बजेसम्म ती कार्यालयमा दलका तर्फबाट र स्वतन्त्र रुपमा उम्मेदवारी दर्ता गरेका सबै उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए। रासस

# थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने कांग्रेसको निर्णय

**काठमाडौँ।**
नेपाली कांग्रेसले सभापति गगनकुमार थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको छ। कांग्रेस केन्द्रीय कार्यसमितिको शुक्रबारको बैठकमा उपसभापति विश्वप्रकाश शर्माले राखेको उक्त प्रस्तावलाई बैठकले पारित गरेको हो।

उपसभापति शर्माले आगामी फागुन २१ मा हुने आमनिर्वाचनमा काँग्रेस अबको प्रधानमन्त्री प्रस्तावित गरेर मैदानमा जान लागेको बताए । 'केन्द्रीय समितिको बैठकबाट सभापति गगन थापालाई अबको प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्ने संस्थागत निर्णय गरेका छौँ उनले बताए । कांग्रेसले परिवर्तित समयलाई सम्बोधन गर्दै जनताको चाहना र भावनाअनुरूप निर्वाचनमा होमिने निर्णय गरेको छ।

**कांग्रेस बदल्यौँ, अब देश बदल्छौँ : सभापति थापा**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफूहरूले समयानुसार कांग्रेस बदलेको र अब देश बदल्ने प्रतिबद्धता जनाएका छन्।

केन्द्रीय कार्यालयमा पद बहाल गरेपछि बोल्दै उनले 'बदल्यौँ कांग्रेस, बदल्छौँ देश' भन्दै प्रतिबद्धता जनाए । यही सङ्कल्पका साथ नयाँ यात्रा प्रारम्भ गर्दैछौँ, हामी। हाम्रो केवल एक ध्येय छ– देशको समुन्नति सभापति थापाले बताए।

शुक्रबार बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको छ । कांग्रेसले परिवर्तित समयलाई सम्बोधन गर्दै जनताको चाहना र भावनाअनुरूप निर्वाचनमा होमिने निर्णय गरेको छ। रासस



# ६ महिनामा सवा नौ अर्ब बढि राजस्व सङ्कलन

**बाँके ।**
नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा रु नौ अर्ब ३४ करोड ६४ लाख राजस्व सङ्कलन गरेको छ । चालु आर्थिक वर्षको साउनदेखि पुससम्म छ महिनामा वार्षिक लक्ष्यको ३८.०८ प्रतिशत राजस्व सङ्कलन भएको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले जानकारी दिए ।



उनका अनुसार, नेपालगञ्ज भन्सारको चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको वार्षिक लक्ष्य रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रहेकामा हालसम्म कुनै पनि महिनामा निर्धारित मासिक लक्ष्य हासिल गर्न सकेको छैन । लक्ष्य पूरा गर्न बाँकी छ महिनामा करिब ६२ प्रतिशत भन्सार राजस्व असुल गर्नुपर्ने हुन्छ । नेपालगञ्ज भन्सारमा चालु आवको साउन महिनामा रु एक अर्ब ८६ करोड ६५ लाख ४६ हजार लक्ष्य रहेकामा ७४ दशमलव १४ प्रतिशत रु एक अर्ब ३८ करोड ३७ लाख ८४ हजार, भदौ महिनामा रु एक अर्ब ९३ लाख ६४ हजार ५४ लक्ष्य रहेकामा ६९ दशमलव ७७ प्रतिशत रु एक अर्ब ३५ करोड १० लाख नौ हजार राजस्व सङ्कलन भएको छ ।

यसैगरी असोज महिनामा रु एक अर्ब ९८ करोड ३१ लाख ३० लक्ष्य रहेकामा ८७ दशमलव ८३ प्रतिशत रु एक अर्ब ७४ करोड १६ लाख पाँच हजार, कात्तिक महिनामा रु दुई अर्ब १२ करोड ६१ लाख ३० हजार लक्ष्य रहेकामा ७२ दशमलव ३० प्रतिशत रु एक अर्ब ५३ करोड ७० लाख ८२ हजार, मङ्सिर महिनामा रु एक अर्ब ९६ करोड ३६ लाख १४ हजार लक्ष्य रहेकामा ८३ दशमलव ४५ प्रतिशत रु एक अर्ब ६३ करोड ८५ लाख १० हजार र पुस महिनामा रु दुई अर्ब तीन करोड ४५ लाख २१ हजार लक्ष्य रहेकामा रु एक अर्ब ६९ करोड ४४ लाख १३ हजार राजस्व सङ्कलन भएको छ ।

कार्यालयको तथ्याङ्कअनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ को साउनमा लक्ष्यको ७३.६७ प्रतिशत, भदौ महिनामा लक्ष्यको ६६.६२ प्रतिशत, असोजमा ६६.९१ प्रतिशत, कात्तिकमा ७६.४४ प्रतिशत, मङ्सिरमा ७६.२७ र पुसमा ७१.१५ प्रतिशत राजस्व सङ्कलन भएको थियो । नेपालगञ्ज भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा रु ३८ अर्ब बढीको मालसामान आयात निर्यात भएको छ । भन्सार कार्यालयका अनुसार, पुस मसान्तसम्म रु ३८ अर्ब ९८ करोड ५७ लाख ६१ हजार बराबरको कारोबार भएको हो ।

कार्यालयबाट चालु आवको छ महिनामा रु ३७ अर्ब ६२ करोड ७३ लाख ३२ हजार बराबरको आयात हुँदा निर्यात भने रु एक अर्ब ३५ करोड ८४ लाख २९ हजारको मात्रै भएको छ ।

अघिल्लो आवको सोही अवधिमा कार्यालयबाट रु ३५ अर्ब २७ करोड ६५ लाख आठ हजारको आयात र रु एक अर्ब १६ करोड ३९ लाख १२ हजार बराबरको मात्रै निर्यात भएको थियो ।

अघिल्लो आव र चालु आवको ६ महिनाको तुलना गर्दा आयात ६.६६ प्रतिशत, निर्यात १६.७१ प्रतिशत र जम्मा व्यापार ६.९८ प्रतिशतले बढेको छ । कार्यालयबाट हुने व्यापार घाटा अघिल्लो आव र चालु आवको छ महिनाको अवधिमा उस्तै रहेको छ । अघिल्लो आवको छ महिनामा व्यापार घाटा ९६.७ प्रतिशत रहेकामा चालु आवमा व्यापार घाटा ९६.३८ रहेको कार्यालयका सूचना अधिकारी खड्काले बताए । रासस

# बाइस बिघाको गडबिजुला ताल पाँच बिघामा खुम्चियो

**कञ्चनपुर ।**
कञ्चनपुरको कृष्णपुर नगरपालिका र लालझाडी गाउँपालिकाको सीमा क्षेत्रमा अवस्थित गडविजुला ताल दुई स्थानीय तहबीचको खिचातानी र संरक्षणको अभावमा अस्तित्व संकुटमा परेको छ । वर्षौंदेखि चलिआएको सीमा विवादका कारण तालको संरक्षण हुन नसक्दा यो प्राकृतिक सम्पदा अतिक्रमणको चपेटामा परेको हो । कुनै समय २२ बिगाहा क्षेत्रफलमा फैलिएको यो विशाल ताल अहिले करिब पाँच बिगाहामा मात्र सीमित भएको छ । संरक्षणको अभावमा तालको ठूलो हिस्सा पुरिँदै गएको छ भने बाँकी भागमा मानवीय अतिक्रमण तीव्र बनेको छ । स्थानीय लालसिंह बोहराका अनुसार ताल कुन पालिकाको भूगोलमा पर्छ भन्ने प्राविधिक टुङ्गो नलाग्दा ताल संरक्षणमा अबरोध सृजना भएको छ ।

'ताल कृष्णपुर नगरपालिका–२ मा पर्छ कि लालझाडी गाउँपालिका–५ मा भन्नेमा दुवै पालिकाको आ–आफ्नै दाबी छ', बोहराले भने, 'स्वामित्वका लागि छिनाझपटी गर्ने तर संरक्षणमा सिन्को नभाँच्ने प्रवृत्तिका कारण तालको अस्तित्व नै मेटिन लागेको छ ।'

तालको पूर्वतर्फको जग्गामा ५० भन्दा बढी परिवार बसोबास गरिरहेका छन् । अतिक्रमण गरिएको तालको जग्गामा खेतीपातीको कार्य गरिदै आएको छ । विसं २०५४ साल पछि ताल वरिपरि बस्ती बाक्लिँदै जाँदा अतिक्रमणको श्रृङ्खला सुरु भएको स्थानीयको भनाइ छ । स्थानीय गोपालसिंह महराका अनुसार तालको जग्गा मिचेर खेती गर्ने क्रम बढेपछि ताल पुरिने कार्य तीव्र भएको छ । 'पहिले यो ताल निकै गहिरो र सफा थियो, अहिले त खेतजस्तै देखिन थालेको छ', महराले दुःख व्यक्त गरे । तालको क्षेत्रफल घट्दै जाँदा यसले आसपासको भूमिगत जलस्तरमा समेत नकारात्मक प्रभाव पारेको छ ।

प्राकृतिक तालको विनाशसँगै यहाँको जैविक विविधता पनि लोप हुने अवस्थामा पुगेको छ । सिमसार क्षेत्रमा आश्रित जलपक्षी र अन्य जीवजन्तुको बासस्थान संकटमा परेको छ । स्थानीय भजनी रानाका अनुसार केही वर्ष अघिसम्म हिउँदको समयमा तालमा देखिने गरेका विभिन्न प्रजातिका चराचुरुङ्गीहरू अहिले बस्तीका कारण देखिन छाडेका छन् । पानीको स्रोत सुक्दै जाँदा ताल वरपरको पारिस्थितिक प्रणाली नै खल्बलिन पुगेको छ ।

देश संघीय संरचनामा जानुअघि तत्कालीन जिल्ला विकास समिति कञ्चनपुरले यो ताललाई ठेक्कामा लगाएर आम्दानी गर्दै आएको थियो । प्राकृतिक स्रोतहरू स्थानीय तहको मातहतमा आएपछि दुवै पालिकाले यसलाई आफ्नो आयस्रोत को माध्यम बनाउन खोजे पनि जिम्मेवारी लिन भने आनाकानी गरिरहेका छन् । सीमा विवाद सुल्झाउन जिल्ला समन्वय समिति कञ्चनपुरले पटक–पटक पहल गरे पनि ठोस उपलब्धि हुन सकेको छैन ।

जिल्ला समन्वय समितिका प्रमुख दुर्गादत्त बोहराका अनुसार दुवै पालिकाका जनप्रतिनिधिहरूसँग पटक–पटक बैठक बसे पनि कार्यान्वयनको पक्ष फितलो देखिएको छ । 'दुवै कार्यपालिकाबाट प्रतिनिधि तोकेर जग्गा नापजाँच गर्ने र विवाद टुङ्ग्याउने सहमति गराएका थियौँ,' प्रमुख बोहराले भने, 'तर सहमतिमा हस्ताक्षर गर्ने तर कार्यान्वयन नगर्ने परिपाटीले गडविजुला ताल सङ्कटमा परेको छ ।' कृष्णपुर नगरपालिकाका नगर प्रमुख हेमराज ओझाले गाउँ विकास समिति हुदा देखिनै गडविजुला ताल क्षेत्र नगरपालिकाको स्वामित्वमा रहँदै आएको बताए ।

'पहिले त्यस क्षेत्रमा वन क्षेत्र थियो, मानविय बसोवास थिएन,' उनले भने, 'आरक्ष विस्थापीतको बस्ती ताल वरपर बसेपछि लालझाडी गाउँपालिकाले आधा ताल हाम्रो हो भनेर दावी गर्न थालेपछि विवाद देखिएको छ ।'

तालमा दुवै पालिकाले दावी रहेपछि नापी विभागबाट नापी टोली बोलाएर सीमा यकिन गरि समस्या समाधान गर्ने सहमती भएको उनले बताए । क्षेत्रफलका हिसाबले ठूलो र प्राकृतिक रूपमा सुन्दर गडविजुला ताललाई संरक्षण गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सके दुवै पालिकाका लागि यो ठूलो आम्दानीको स्रोत बन्न सक्थ्यो । ताललाई पुनर्जीवन दिन सके कञ्चनपुरको पर्यटनमा नयाँ आयाम थपिने स्थानीयको विश्वास छ । वर्तमान अवस्थामा यो ताल केवल दुई पालिकाको सीमा विवादको शिकार बनेको छ । यदि समयमै प्राविधिक टोलीमार्फत सीमाना रेखाङ्कन गरी अतिक्रमण नहटाउने हो भने केही वर्षभित्रै गडविजुला ताल केवल नक्सामा मात्र सीमित हुने देखिएको छ । रासस

# टिकटकको अमेरिकी निकायमा सम्झौता अन्तिम

**वासिङ्टन ।**
सामाजिक सञ्जाल भिडियो प्लेटफर्म टिकटकले संयुक्त राज्य अमेरिकामा नयाँ एकाइ स्थापना गर्ने सम्बन्धमा सम्झौतालाई अन्तिम रूप दिएको छ । यससँगै, वर्षौंदेखि २० करोडभन्दा बढी अमेरिकी प्रयोगकर्ताले प्रयोग गर्दै आएको प्लेटफर्ममाथि सम्भावित प्रतिबन्धको खतरा टरेको छ ।

कम्पनीले नयाँ 'टिकटक युएस' नामक संयुक्त उद्यम गठन गर्न ओरेकल, सिल्भर लेक तथा संयुक्त अरब इमिरेट्सको लगानी फर्म एमजिएक्ससहित प्रमुख लगानीकर्ताहरूसँग सम्झौतामा हस्ताक्षर गरेको हो । टिकटकले बिहीबार जारी गरेको विज्ञप्तिमा नयाँ संस्करण 'परिभाषित सुरक्षा उपायहरू अन्तर्गत सञ्चालन हुने, जसले व्यापक डाटा सुरक्षा, एल्गोरिदम सुरक्षा, सामग्री नियमन तथा अमेरिकी प्रयोगकर्ताहरूका लागि सफ्टवेयर आश्वासनमार्फत राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने' स्पष्ट गरेको छ । यस सम्झौतापछि पनि अमेरिकी प्रयोगकर्ताहरूले उही टिकटक एप प्रयोग गर्न सक्नेछन् ।




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रुथ सोसलमार्फत सम्झौताको स्वागत गर्दै चिनियाँ राष्ट्रपति सी जिनपिङप्रति 'हामीसँग सहकार्य गरी अन्ततः सम्झौतालाई अनुमोदन गरेकोमा' विशेष धन्यवाद दिएका छन् । उनले भविष्यमा टिकटक प्रयोग गर्नेहरूले आफूलाई सम्झने आशा पनि व्यक्त गरेका छन् ।

यस विषयमा चिनियाँ सरकारले औपचारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन । यद्यपि, वासिङ्टनस्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ पेङ्ग्युले यसअघि नै टिकटकप्रति चीनको धारणा 'स्थिर र स्पष्ट' रहेको बताए ।

नयाँ संयुक्त उद्यमको प्रमुख कार्यकारी अधिकृत (सिइओ) का रूपमा एडम प्रेसर नियुक्त भएका छन् । उनले सात सदस्यीय, बहुमत अमेरिकी सदस्य रहेको निर्देशक मण्डलसँग सहकार्य गर्नेछन्, जसमा टिकटकका वर्तमान सिइओ शौ च्यु पनि सदस्य छन् । यस सम्झौताले संयुक्त राज्य अमेरिकामा टिकटकको भविष्यबारे लामो समयदेखिको अनिश्चिततालाई अन्त्य गरेको छ । कङ्ग्रेसमा द्विदलीय समर्थनसहित पारित र तत्कालीन राष्ट्रपति जो बाइडेनद्वारा हस्ताक्षर गरिएको कानूनअनुसार, बाइटडान्सले नयाँ अमेरिकी स्वामित्व नदिए टिकटक जनवरी २०२५ मा प्रतिबन्धमा पर्ने अवस्था थियो । केही समयका लागि प्लेटफर्म बन्दसमेत भयो । तर कार्यकालको पहिलो दिनमै राष्ट्रपति ट्रम्पले कार्यकारी आदेशमार्फत टिकटक सञ्चालनको अनुमति दिनुभएको थियो र बिक्रीसम्बन्धी सम्झौता खोज्न निर्देशन दिएका थिए । सम्झौताअनुसार, अमेरिकी प्रयोगकर्ताहरूको डाटा ओरेकलद्वारा सञ्चालित प्रणालीमा स्थानीय रूपमा भण्डारण हुनेछ । साथै, टिकटकको सामग्री सिफारिस एल्गोरिदमलाई अमेरिकी प्रयोगकर्ता डाटाका आधारमा पुनः तालिम, परीक्षण र अद्यावधिक गरिनेछ । एल्गोरिदमकै विषयलाई लिएर सुरक्षा बहस चर्किएको थियो, किनभने चीनले यसलाई आफ्नै नियन्त्रणमा रहनुपर्ने बताउँदै आएको थियो । तर अमेरिकी कानूनले बाइटडान्ससँगको सम्बन्ध, विशेष गरी एल्गोरिदममा, विच्छेद हुनुपर्ने व्यवस्था गरेको छ । यस सम्झौताअन्तर्गत भने बाइटडान्सले एल्गोरिदम पुनः प्रशिक्षणका लागि अमेरिकी निकायलाई इजाजतपत्र दिनेछ ।

यद्यपि, कानूनले सामग्री सिफारिस एल्गोरिदम सञ्चालनमा बाइटडान्स र नयाँ अमेरिकी स्वामित्व समूहबीच कुनै सहकार्य निषेध गरेकाले, यस व्यवस्थाको व्यावहारिक कार्यान्वयन कसरी हुने भन्ने प्रश्न अझै खुला रहेको विज्ञहरू बताउँछन् । जर्जटाउन विश्वविद्यालयका कानून तथा प्रविधि प्राध्यापक अनुपम चन्दरले भने, 'अमेरिकामा टिकटकलाई कसले नियन्त्रण गर्छ भन्ने कुराले अमेरिकीहरूले एपमा के देख्छन् भन्ने विषयमा ठूलो प्रभाव पार्छ ।'

लगानी संरचनाअनुसार, ओरेकल, सिल्भर लेक र एमजिएक्स तीनै प्रबन्ध लगानीकर्तासँग १५–१५ प्रतिशत सेयर रहेको छ । अन्य लगानीकर्तामा डेल टेक्नोलोजीका संस्थापक अर्बपति माइकल डेलको लगानी फर्म पनि समावेश छ । बाइटडान्सले भने संयुक्त उद्यममा १९.९ प्रतिशत हिस्सा कायम राखेको छ । रासस

# पाकिस्तानमा प्रहरी मुठभेडमा ६ जनाको मृत्यु

**इश्लामावाद ।**
पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तमा भएको प्रहरी मुठभेडमा सशस्त्र डकैती गिरोहका ६ सदस्यको मृत्यु भएको छ । उक्त घटना बिहीबार प्रान्तीय राजधानी कराँचीको पाक कोलोनी क्षेत्रमा भएको हो । प्रहरीका अनुसार नौ सदस्यीय आपराधिक गिरोह लुकेको सूचना पाएपछि सुरक्षाकर्मीहरूले उक्त क्षेत्रमा छापा मारेका थिए ।

छापाका क्रममा गिरोहका सदस्यहरूले प्रहरीमाथि अन्धाधुन्ध गोली चलाएपछि दुवै पक्षबीच भीषण गोली हानाहान भएको थियो । मुठभेडको क्रममा ६ जना संदिग्ध घटनास्थलमै मारिएका हुन् । घटनापछि प्रहरीले घटनास्थलबाट ६ थान पिस्तोल, गोली–बारुद, एक थान राइफल तथा दुईवटा मोटरसाइकल बरामद गरेको छ । प्रहरीका अनुसार बरामद गरिएका हतियारहरू विभिन्न आपराधिक गतिविधिमा प्रयोग गरिएको आशंका गरिएको छ ।

प्रहरीले उक्त गिरोह विभिन्न डकैती तथा सडक अपराधमा लामो समयदेखि संलग्न रहेको जनाएको छ । साथै, उनीहरू मंगलबार घरभित्र डकैती गर्ने क्रममा तीन दाजुभाइको हत्या गरिएको घटनामा पनि संलग्न रहेको आशंका गरिएको छ ।

गिरोहका दुई सदस्यलाई यसअघि नै पक्राउ गरिएको र बाँकी फरार अभियुक्तहरूको खोजी तथा अनुसन्धान कार्य तीव्र पारिएको प्रहरीले जनाएको छ । सुरक्षाकर्मीहरूले कराँचीका अन्य संवेदनशील क्षेत्रमा पनि निगरानी बढाएका छन् । रासस

# ताकाइचीद्वारा संसद् विघटन जापानमा मध्यावधि चुनाव

**जापान ।**
जापानका प्रधानमन्त्री साने ताकाइचीले शुक्रबार संसद्को तल्लो सदन विघटन गर्दै फेब्रुअरी ८ मा मध्यावधि (स्न्याप) चुनाव गराउने मार्ग प्रशस्त गरेका छन् । यो निर्णय हालैका वर्षहरूमा ठूलो नोक्सानी व्यहोरेको शासक दललाई पुनः सुदृढ बनाउने उद्देश्यले उहाँको उच्च लोकप्रियताको सदुपयोग गर्ने प्रयासका रूपमा हेरिएको छ ।

यद्यपि, यस कदमका कारण सङ्घर्षरत अर्थतन्त्रलाई गति दिने र बढ्दो मूल्यवृद्धि नियन्त्रण गर्ने लक्ष्यसहितको बजेटमाथि छलफल र मतदान केही समय ढिलाइ हुने देखिएको छ ।

गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीका रूपमा निर्वाचित भएकी ताकाइचीले पदभार सम्हालेको तीन महिना मात्र भएको छ । तर यस छोटो अवधिमै उनले करिब ७० प्रतिशतको बलियो अनुमोदन दर कायम गर्न सफल भएकी छिन्, जसलाई राजनीतिक रूपमा महत्वपूर्ण उपलब्धि मानिएको छ । प्रधानमन्त्री ताकाइचीले ताइवानसमर्थक टिप्पणी गरेपछि चीनसँग जापानको सम्बन्धमा चिसोपन बढ्दै गएको छ । साथै, वासिङ्टन र बेइजिङ दुवैले यस क्षेत्रमै सैन्य श्रेष्ठता कायम गर्न खोजिरहेका बेला संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको समीकरणका बीच उनले रक्षा क्षेत्रमा खर्च बढाउने चाहना व्यक्त गरेकी छिन् ।



चार सय ६५ सदस्यीय तल्लो सदन विघटनसँगै मङ्गलबारदेखि औपचारिक रूपमा १२ दिने चुनावी अभियान सुरु हुनेछ । सदनका अध्यक्ष फुकुशिरो नुकागाले विघटनको घोषणा गर्नासाथ उपस्थित सांसदहरू उभिएर 'बान्जाइ' अर्थात् 'दीर्घायु' भन्ने नारा तीन पटक लगाउँदै चुनावी तयारीका लागि तात्कालिक रूपमा सक्रिय भएका थिए ।

**'बहुमत विस्तार गर्ने ताकाइचीको आशा'**

प्रारम्भिक चुनावको योजना बनाउनुको मूल उद्देश्य दुई सदनात्मक संसद्को तुलनात्मक रूपमा बढी शक्तिशाली तल्लो सदनमा शासक गठबन्धनको बहुमत विस्तार गर्नु रहेको प्रधानमन्त्री ताकाइचीले स्पष्ट पारेकी छिन् । उनको लोकप्रियताले यस प्रयासलाई बल पुग्ने विश्वास लिइएको छ ।

सन् २०२४ मा चुनाव पराजय व्यहोरेपछि भ्रष्टाचारसम्बन्धी काण्डले बदनाम बनेको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) र यसको गठबन्धनसँग तल्लो सदनमा केवल झिनो बहुमत मात्र छ ।

माथिल्लो सदनमा भने गठबन्धनसँग बहुमत नहुँदा आफ्ना नीति तथा कार्यक्रम पारित गर्न विपक्षी दलका सांसदहरूको समर्थनमा निर्भर रहनुपरेको अवस्था छ ।

प्रमुख आर्थिक कार्यक्रमका लागि आवश्यक बजेट पारित गर्न ढिलाइ गरेको भन्दै विपक्षी नेताहरूले प्रधानमन्त्री ताकाइचीको कडा आलोचना गरेका छन् । यसबारे सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भनिन्, 'म विश्वास गर्छु कि सार्वभौम नागरिकका रूपमा जनताले साने ताकाइची प्रधानमन्त्री हुनुपर्छ कि हुँदैन भन्ने निर्णय गर्ने यही एक मात्र विकल्प हो, म प्रधानमन्त्रीका रूपमा मेरो सम्पूर्ण करियर यस निर्णयसँग जोड्दैछु ।'

कट्टर रूढीवादी धारणा राख्ने प्रधानमन्त्री ताकाइचीले आफ्ना मध्यमार्गी पूर्ववर्ती शिगेरु इसिबासँगको वैचारिक भिन्नता प्रस्ट रूपमा देखाउन चाहेकी छिन् । उनका अनुसार जापानलाई 'बलियो र समृद्ध' राष्ट्र बनाउन वित्तीय खर्च विस्तार, सैन्य संरचना सुदृढीकरण तथा कडा आप्रवासन नीतिहरू आवश्यक छन् र यी विषयमा मतदाताले निष्पक्ष मूल्याङ्कन गर्नुपर्नेछ ।

उत्साही र निर्णायक नेतृत्व छविका कारण विशेषगरी युवा पुस्तामाझ उनको अनुमोदन दर बलियो देखिएको छ । यद्यपि, राजनीतिक कोषसम्बन्धी घोटालाबाट एलडिपी अझै पूर्ण रूपमा मुक्त हुन नसकेकाले परम्परागत समर्थक मतदातामध्ये केही विश्वव्यापीकरणविरोधी सान्सेइतो जस्ता उदीयमान अति–दक्षिणपन्थी लोकप्रिय विपक्षी दलतर्फ आकर्षित भएका छन् । रासस

# युगान्डाः ३० जना विपक्षी समर्थक मारिए

**युगान्डा ।**
युगान्डाका सेना प्रमुख तथा नवनिर्वाचित राष्ट्रपति योवेरी मुसेभेनीका छोराले शुक्रबार मतदानपछि ३० जना विपक्षीहरु मारिनुका साथै दुई हजारलाई हिरासतमा लिएको बताएका छन् । जनवरी– १५ को चुनावपछि सुरक्षा बलले घरमा छापा मारेको आरोप लगाएपछि विपक्षी नेता बोबी वाइन शुक्रबार लुकेर बसेको जनाइएको छ ।

उनले चुनावलाई नियम विपरित भन्दै विरोध प्रदर्शनको आह्वान गरेका छन् । निर्वाचन आयोगका अनुसार ८१ वर्षीय मुसेभेनीले ७२ प्रतिशत मतसहित सातौँ कार्यकाल जितेका छन् । अफ्रिकी पर्यवेक्षकहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले विपक्षीहरूको भारी दमन र इन्टरनेट बन्दको आलोचना गरेका छन् ।

दुई हजार भन्दा बढी आरोपीहरुलाई पक्राउ गरेको सेना प्रमुख मुहोजी कैनेरुगाबाले वाइनको उपनाम प्रयोग गर्दै सामाजिक सञ्जाल एक्समा उल्लेख गरेका छन् ।

अहिलेसम्म ३० जना एनयुपी आतङ्ककारीहरूलाई मारेको वाइनको पार्टी, नेसनल युनिटी प्लेटफर्मलाई उल्लेख गर्दै उनले बताए ।

पछिल्लो समयामा पक्राउ परेका मध्ये युगान्डाको बुटाम्बाला क्षेत्रका विपक्षी सांसद मुवाङ्गा किभुम्बी पनि रहेको जनाइएको छ । जहाँ चुनावको दिन सबैभन्दा गम्भीर हिंसा भएको रिपोर्ट गरिएको थियो ।

किभुम्बीलाई उदृत गर्दै एएफपीले सुरक्षा बलले उनको घरमा आक्रमण गरी दश जना अभियान एजेन्टहरूको हत्या गरेको र समर्थकहरूलाई भोट गणना केन्द्र र प्रहरी स्टेसन जलाउने प्रयास गरेपछि गोली हानिएको जनाएको छ । विपक्षी दलका वकिललाई उदृत गर्दै ६०० भन्दा बढी मानिसहरूलाई चुनावी विरोध प्रदर्शनमा पक्राउ गरिएको एएफपीले जनाएको छ । रासस

# प्रतिनिधिसभा निर्वाचनः अधिकांश उम्मेदवार ‘युवा’

# मतदान गर्न उत्साहित नयाँ मतदाता

**चितवन।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिएका साना दल र स्वतन्त्र उम्मेदवार युवा रहेका छन्। जिल्लाका तीन क्षेत्रमा उम्मेदवारी दिएका ६५ जनामध्ये २५ जना ४० वर्ष मुनिका रहेका छन् । तिनिहरुमा नेकपा एमाले र रास्वपाका एक÷एक जना हुन भने बाँकी साना दलका र स्वतन्त्र उम्मेदवार का हुन् । जेनजी आन्दोलनपछि नेतृत्वमा आएर राष्ट्रनिर्माणमा लाग्न युवा उत्साहित भएसँगै उम्मेदवारी परेको हो।




जिल्लामा तीन निर्वाचन क्षेत्र रहेका छन् । निर्वाचन क्षेत्र नं १ मा १९ उम्मेदवार छन् । सोमध्ये पाँच जना ४० वर्ष मुनिका रहेका छन्। त्यस्तै, क्षेत्र नं २ मा २३ जनाले उमेदवारी दर्ता गराएकामा ४० वर्षमुनिका १२ जना रहेका छन् । क्षेत्र नं ३ मा पनि २३ जनाले उम्मेदवारी दर्ता गराएकामा आठ जना ४० वर्ष मुनिका रहेका छन्। निर्वाचन कार्यालयका अनुसार जिल्लामा सबैभन्दा कम उमेरका उमेदवार प्रगतिशील लोकतान्त्रिक पार्टीका विकास कामी छन्। राप्ती नगरपालिका–९ का २५ वर्षीय कामी क्षेत्र नं १ का उम्मेदवार छन्।

क्षेत्र नं १ मा दुई स्वतन्त्र उम्मेदवार २८ वर्षका सौरव कँडेल र ३० वर्षका सञ्जय रिजाल छन्। सोही क्षेत्रका नेपाल मजदुर किसान पार्टीका २९ वर्षीय अर्जुन प्रजा उम्मेदवार छन्। यस्तै जनता समाजवादी पार्टीका ३९ वर्षीय अजय ठाकुर उम्मेदवार बनेका छन्। चितवन क्षेत्र नं २ मा ४० वर्षमुनिका १२ जनाको उम्मेदवारी दर्ता भएको छ । नेकपा एमालेका अस्मिन घिमिरे ३८ वर्षीयका छन् भने मङ्गोल नेसनल अर्गनाइजेसन पार्टीबाट २८ वर्षका ऋषा गोले उम्मेदवार छन्।

नेकपा (माओवादी)बाट ३८ वर्षीया दिर्शनाकुमारी शाही र आम जनता पार्टीका ४० वर्षीया देवीकुमारी मगर उम्मेदवार छिन् । बत्तीस वर्षीया निर्मलाकुमारी ठाकुर जनमत पार्टीबाट उम्मेदवार छिन् । यस्तै ३४ वर्षका मिलन थापा मगरले श्रम संस्कृति पार्टीबाट उमेदवारी दर्ता गराएका छन् भने ३६ वर्षीय शोभावासु कला मजदुर किसान पार्टी र ३४ वर्षका सुवास महतो नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवार बनेका छन्।

तीस वर्षका कृष्णप्रसाद चापागाईं, ३१ वर्षका प्रवनी सापकोटा, २९ वर्षका रवि कुमाल र ३७ वर्षका शङ्कुप्रसाद जैसी क्षेत्र नं २ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन् । कार्यालयको तथ्याङ्कअनुसार क्षेत्र नं ३ मा ४० वर्षमुनिका आठ जनाले उम्मेदवारी दर्ता गराएका हुन्। श्रम संस्कृति पार्टीका ३८ वर्षका तोजमान गुरूङ, नेकपा (माओवादी)का ३६ वर्षका डा आशिकप्रसाद महतो, राष्ट्रिय नागरिक पार्टीका ३० वर्षका विजन गुरूङ, रास्वपाबाट ३१ वर्षीया सोविता गौतम, जनता समाजवादी पार्टीका ३८ वर्षका थमनसिंह सुनारले उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा ४० वर्षमुनिका दुई उम्मेदवार स्वतन्त्रबाट छन् । छत्तीस वर्षका कृष्णप्रसाद अधिकारी र ३७ वर्षका रोलबहादुर गुरूङले स्वतन्त्रबाट उम्मेदवारी दर्ता गराएका हुन्।

**उत्साहित छन् नयाँ मतदाता**

दलहरूले मनोनयन सकेर मत माग्न गाउँ छिरेसँगै निर्वाचनको माहोल बन्दै गएको छ । उम्मेदवार लिएर दलका नेता तथा कार्यकर्ता मत माग्न घरघर जान थालेका छन्भने दलहरू भेला र निर्वाचनको माहोल बनाउने काममा जुटेका छन् । निर्वाचनको माहोल बन्दै गर्दा पहिलो पटक नाम दर्ता गराएका युवा मतदानका लागि उत्साहित देखिएका छन् । जेनजी आन्दोलनपछि अब आउने जनप्रतिनिधिले युवाको भावना बुझ्ने भन्दै उनीहरूमा उत्साह थपिएको हो।

भरतपुर महानगरपालिका–१० का सोफिल मोक्तान नयाँ ऊर्जाका साथ देश विकास गर्ने योजना भएका नेतालाई निर्वाचित गरेर पठाउन मत हाल्नका लागि आफू उत्साहित भएको बताउँछन् । दलहरूले आ–आफ्ना उम्मेदवारको पक्षपोषण गरेपनि कसलाई जिताउने भन्ने अधिकार रहेक मतदातामा रहेकाले आफू पहिलोपटक त्यसको प्रयोग गर्न गएकामा उनले खुसी व्यक्त गरे। ‘पहिलो पटक मतदान गर्न लागेको छु। उत्साहित छु। देशको विकास गर्न सक्ने नेतृत्व छान्ने हो’, मोक्तानले भने।

यस्तै, भरतपुर महानगरपालिका–१२ का रीतिक रिमाल कुन उम्मेदवार ठिक छन् भनेर अध्ययनमै रहेकाले एजेण्डा हेरेर मत हाल्ने बताउँछन्। उनी भन्छन्, ‘कुन उम्मेदवार कस्तो भन्ने विषयमा अध्ययन नगरी मतदान गर्नुहुन्न। राम्रो र सक्षम नेतृत्वलाई देशको विकासमा अघि बढाउन आवश्यक छ। त्यसैअनुसार सोच बनाइरहेको छु।’

रिमाल जेनजी आन्दोलनका पक्षमा पनि लागेका थिए। उनी पहिलो पटक मतदान गर्दैछन् । भरतपुर महानगरपालिका–५ का शमिर शर्मा पनि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पहिलो पटक मतदान गर्दै छन्। युवा पुस्ताको आन्दोलनपछि अब देशको विकास हुन्छ की भन्ने लागेर मतदान प्रक्रियामा सहभागी हुने उनले बताए। ‘राम्रो मान्छे उम्मेदवार भएमा मतदान गरेर विजयी गराउ र देशको विकासमा आफ्नो योगदान पु¥याउ भन्ने लागेको छ । युवाको विषयमा सोच्ने नेतृत्व चयनका लागि मतदान गर्ने सोच छ’, शर्माले भने।

सञ्चुकुमारी तामाङ पनि आफूले पहिलो पटक मतदान गर्न लागेको र त्यसको सही प्रयोग गर्न उम्मेदवारबारे अध्ययन गरिरहेको बताउँछिन् । युवा पुस्ताका लागि केही सोच्ने नेतृत्वका लागि मतदान गर्ने योजनासहित फागुन २१ को पर्खाइमा रहेको उनले बताइन्। जिल्ला निर्वाचन कार्यालयका अनुसार यही फागुन २१ गते हुने निर्वाचनमा जिल्लाका तीन निर्वाचन क्षेत्रमा ३३ हजार ७४० जना नयाँ मतदाता थपिएका छन्। तीमध्ये अधिकांश युवा मतदाता रहेका छन्। केही यस अघिनै उमेर पुगे पनि मतदाता नामावलीमा पहिलो पटक नाम दर्ता गराएकाहरू हुन।

जिल्लामा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन्, जसमा दुई लाख १७ हजार ३१४ जना पुरुष र दुई लाख २४ हजार ७६६ जना महिला एवं दुई जना तेस्रोलिङ्गी रहेका छन् । यहाँ १६२ वटास्थल र ४९४ वटा केन्द्रबाट मतदानको व्यवस्था गरिएको छ । निर्वाचन कार्यालय चितवनका प्रमुख भीमसेन कार्कीका अनुसार क्षेत्र नं १ मा एक लाख ४९ हजार ६२१ जना मतदाता रहेका छन्। तीमध्ये ७६ हजार ७६१ जना पुरुष र ७५ हजार ८६० जना महिला रहेका छन्। यस क्षेत्रमा ५६ वटा मतदानस्थल र १६८ वटा मतदान केन्द्र रहेका छन्।

यस्तै, क्षेत्र नं २ मा एक लाख ३७ हजार १५२ जना मतदाता रहेका छन्। तीमध्ये ६७ हजार ८५७ पुरुष र ६९ हजार २९४ महिला एवं एक जना तेस्रोलिङ्गी रहेका छन् । यहाँ ४८ वटास्थल र १५२ वटा केन्द्र रहेका छन्। क्षेत्र नं ३ मा एक लाख ५५ हजार ३०९ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय चितवनले जनाएको छ । तीमध्ये ७५ हजार ६९६ जना पुरुष र ७९ हजार ६१२ जना महिला एवं एकजना तेस्रो लिङ्गी रहेका छन् । प्रतिनिधिसभामा विसं २०७९ मा चितवनमा चार लाख आठ हजार ३४२ मतदाता रहेका थिए। रासस

## ओलीको निर्वाचन परिचालन संयोजकमा दाहाल



**झापा ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन परिचालनको संयोजक र सहसंयोजक तोकिएका छन् । संयोजकमा पार्टीका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री देवेन्द्र दाहाल तथा सहसंयोजकमा नेताद्वय दीपक कार्की र मेनुका काफ्ले तोकिएका हुन् ।

यसै सन्दर्भमा सहसंयोजक एवम् एमालेका केन्द्रीय सदस्य कार्कीले झापाको गौरादहमा शुक्रबार आयोजित निर्वाचन क्षेत्र नं ५ समन्वय कमिटीको बैठकले ५०१ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरेको जानकारी दिए । परिचालन कमिटी मातहत रहने गरी नौवटा उपसमिति गठन गरिएको छ । सहसंयोजक कार्कीका अनुसार कमिटीमा निर्वाचन क्षेत्रमा घर भएका पार्टीका केन्द्रीय कमिटी सदस्य, केन्द्रीय आयोग तथा केन्द्रीय विभाग (वर्तमान र निर्वतमान) सम्बद्ध नेताहरूलाई समेटिएको छ ।

यसैगरी जिल्ला कमिटीका पदाधिकारी, विभागीय सदस्य, सल्लाहकार परिषद्का सदस्यहरु पनि निर्वाचन परिचालन कमिटीमा समेटिएका छन् । त्यस्तै स्थानीय र प्रदेशका निर्वाचित जनप्रतिनिधि, जनसङ्गठनका केन्द्रीय, प्रदेशका पालिका कमिटीका पदाधिकारीसहित सदस्यहरू र क्षेत्रीय एवम् प्रदेश समन्वय कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचन परिचालन कमिटीमा समावेश गरिएको छ । रासस

## घोषणापत्रमा ऊर्जा क्षेत्रलाई प्राथमिकता दिन माग

**काठमाडौँ ।**
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आगामी निर्वाचनका लागि राजनीतिक दलले तयार गर्ने घोषणापत्रमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकताका साथ समावेश गर्न आग्रह गरेको छ । इप्पानले शुक्रबार नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, उज्यालो नेपाल पार्टीलगायत दलहरूलाई पत्र पठाउँदै १३ बुँदे सुझाव अघि सारेको हो ।

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

इप्पानले नेपाललाई ऊर्जा सुरक्षामा सबल बनाउँदै शतप्रतिशत स्वच्छ तथा हरित ऊर्जा प्रयोग गर्ने ऊर्जामैत्री देश घोषणा गर्नुपर्ने, विद्युत् ऐन, २०४९ संशोधन गरी निजी क्षेत्रलाई विद्युत् व्यापार, प्रसारण र वितरणमा समावेश गर्नुपर्ने माग गरेको छ ।

त्यसैगरी, १६ औँ पञ्चवर्षीय योजना, ऊर्जा विकास मार्गचित्र–२०८१ र तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) अनुसारका लक्ष्य हासिल गर्न तत्काल विद्युत् खरिद सम्झौता (पिपीए) खुला गर्नुपर्ने, सन् २०४५ भित्र नेट–शून्य उत्सर्जन लक्ष्यका लागि छुट्टै ऊर्जा योजना बनाउने र ऊर्जा सङ्कटकाल घोषणा गरी उत्पादनलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ ।

इप्पानले उद्योग व्यवसायमा विद्युत् खपत बढाउन राज्यले आधारभूत पूर्वाधार निर्माण गर्ने, बढी विद्युत् खपत गर्ने उद्योग तथा विद्युतीय सवारीसाधनलाई सहुलियत दिने, स्वच्छ ऊर्जा छिमेकी मुलुकमा निर्यात गरी आयात घटाउने, ऊर्जा क्षेत्रमा स्वदेशी–विदेशी लगानी सुरक्षित गर्न वित्तीय उपकरण प्रोत्साहन गर्ने माग पनि अघि सारेको छ ।

त्यस्तै ठूलो लगानी गर्ने लगानीकर्तालाई विशेष सम्मान, सङ्घ–प्रदेश–स्थानीय तहबीच समन्वय गरी सार्वजनिक–निजी साझेदारीमा ठूला आयोजना निर्माण, नीतिगत अस्थिरता अन्त्य, वन क्षेत्र उपयोग प्रक्रिया सरल बनाउने, ऊर्जा क्षेत्रलाई बन्द–हडतालमुक्त घोषणा गर्ने, प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय ऊर्जा विकास परिषद् गठन तथा दक्ष जनशक्ति उत्पादनका लागि ऊर्जा एकेडेमी स्थापना गर्नुपर्ने माग समावेश गरिएको छ ।

निजी क्षेत्रले २६ वर्षमा तीन हजार ३०० मेगावाटभन्दा बढी विद्युत् उत्पादन गरिसकेको र करिब रु १३ खर्ब लगानी भइसकेको अवस्थामा थप लगानी आकर्षित गर्न घोषणा पत्रमा स्पष्ट ऊर्जा नीति आवश्यक रहेको इप्पानले जनाएको छ । रासस

## डा. भट्टराईको उम्मेदवारी फिर्ता

**गोरखा ।**
प्रतिनिधिसभा गोरखा क्षेत्र नम्बर २ बाट आगामी फागनु २१ गतेको निर्वाचनका लागि उम्मेदवारी दिएका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले शुक्रबार उम्मेदवारी फिर्ता लिएका छन् । गोरखा नगरपालिका–८, स्थित निर्वाचन कार्यालयमा आफ्ना प्रतिनिधि नारायण खत्रीमार्फत डा भट्टराईले उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत मोहनप्रसाद बेल्बासेले जानकारी दिए । उनले प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का तर्फबाट उम्मेदवारी दिएका थिए ।



त्यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीबाट गोरखा क्षेत्र नं १ का उम्मेदवार गोपालबाबु श्रेष्ठले पनि आफ्नो उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले जानकारी दिए । कार्यालयमा प्रस्तावक तथा समर्थकसहित उपस्थित भएर श्रेष्ठले उम्मेदवारी फिर्ता लिएका हुन् । उनीहरुको उम्मेदवारी फिर्ता भएसँगै आसन्न प्रतिनिधिसभाको निर्वाचनमा गोरखा क्षेत्र नं १ मा अब १२ जना र क्षेत्र नं २ मा १३ जना उम्मेदवार कायम भएको छ । रासस

## एउटै वडाका चार जना उम्मेदवार

**अर्घाखाँची ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि अर्घाखाँचीमा उम्मेदवारी दिएकामध्ये चार जना उम्मेदवार एउटै वडाका रहेका छन् ।

एकमात्र निर्वाचन क्षेत्र रहेको जिल्लाको मालारानी गाउँपालिका–५ बागीका चार जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट पिताम्बर भुसाल, नेपाली कम्युनिष्ट पार्टीबाट रामबहादुर चौहान, स्वतन्त्र उम्मेदवारी दिएका रवि शाह र हिमाल भुसाल मालारानी गाउँपालिका–५ बागी एउटै गाउँका छन् । नेपाली कांग्रेसबाट उम्मेदवारी दिएका विष्णुप्रसाद खनाल मुस्कान मालारानी गाउँपालिका–४ खनकाका बासिन्दा छन् । मालारानी गाउँपालिकाका पाँच जना उम्मेदवार छन् ।

अर्घाखाँचीमा विभिन्न पार्टी र स्वतन्त्र गरी एक महिलासहित १५ जनाले उम्मेदवारी दर्ता गराएका छन् । रासस






## एशियाली बैंकबाट उपलब्ध अनुदान सहायता स्वीकार गरिने

**काठमाडौँ ।**
सरकारले सिद्धार्थ राजमार्ग (बुटवल–पोखरा खण्ड) सुधार आयोजनाको तयारीका लागि एसियाली पूर्वाधार लगानी बैंकबाट उपलब्ध हुने दुई मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय शुक्रबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश आर्यालले उक्त जानकारी दिएका छन् ।

मन्त्रिपरिषद् बैठकले तोकिएको उद्योग व्यवसायको क्षेत्रमा स्वचालित मार्ग (अटोमेटिक रुट)बाट हुने विदेशी लगानीको माथिल्लो सीमा हटाउन स्वीकृति दिएको छ ।



बैठकले भारतको नयाँ दिल्लीमा यही माघ २२ देखि २४ गतेसम्म सञ्चालन हुने ‘फष्ट साउथ एसियन एग्रोफरेष्ट्री एन्ड ट्रिज आउटसाइड फोरकास्ट कन्फ्रेन्स’ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको छ ।

नेपाल सरकारको प्रतिनिधित्व गर्दै २०८२ पुस १५ देखि १७ गतेसम्म बङ्गलादेशकी पूर्वप्रधानमन्त्री गेगम खालिदा जियाको अन्त्येष्टि समारोहमा सहभागी हुनुभएका परराष्ट्रमन्त्रीको बङ्गलादेश भ्रमण समर्थन गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

नेपाल सरकारको नाममा दर्ता रहेको भक्तपुर जिल्लामा रहेको पाँच रोपनी जग्गा प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई उपयोग गर्न स्वीकृति दिने निर्णय गरेको गृहमन्त्री अर्यालले जानकारी दिए ।

यस्तै, बैठकले नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्लामा रहेको एक रोपनी जग्गा खानेपानी तथा सरसफाइ डिभिजन नं ३, सिन्धुपाल्चोकलाई उपयोग गर्न स्वीकृति दिएको छ ।

मन्त्रीपरिषद् बैठकले विसं २०८१ फागुन २७ मा प्रतिनिधिसभाबाट पारित मोन्ट्रियल प्रोटोकलको किगाली संशोधनलाई २०८१ फागुन २७ गतेको अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# मधेश विश्वविद्यालयः शैक्षिक कार्यक्रम र विकास योजनाबारे छलफल



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालयका उपकुलपति प्रा. डा. दीपक शाक्य, रजिष्ट्रार विजयकुमार यादव तथा डिन डा. अन्जय मिश्राले शुक्रबार मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्ण, मुख्यमन्त्री तथा विश्वविद्यालयका कुलपति कृष्णप्रसाद यादव, पूर्व मुख्यमन्त्री सरोजकुमार यादव र भौतिक पूर्वाधार विकास मन्त्री राजकुमार गुप्तासँग भेट गरी विश्वविद्यालयका शैक्षिक कार्यक्रम र आगामी योजनाबारे जानकारी प्रस्तुत गरेका थिए ।

भेटमा विश्वविद्यालयमा हाल सञ्चालनमा रहेका विभिन्न शैक्षिक, अनुसन्धान तथा विकासमुखी कार्यक्रमहरूको विस्तृत विवरण साझा गरिएको थियो । साथै, शैक्षिक गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधार विकास र भावी विस्तार योजना सम्बन्धमा पनि छलफल गरिएको थियो ।

प्रदेश प्रमुख, मुख्यमन्त्री, पूर्व मुख्यमन्त्री र भौतिक पूर्वाधार विकास मन्त्रीले विश्वविद्यालयका शैक्षिक कार्यक्रमको प्रशंसा गर्दै मधेश विश्वविद्यालयको समग्र विकासका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

प्रदेश नेतृत्वबाट प्राप्त सकारात्मक प्रतिक्रिया र सहयोगले विश्वविद्यालयको शैक्षिक उन्नयन र संस्थागत सुदृढीकरणमा थप बल पुग्ने अपेक्षा गरिएको छ ।

# जलेको अवस्थामा महिलाको बेवारिसे शव फेला



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको मिर्चैया नगरपालिकामा एक महिलाको जलेको शव बेवारिसे अवस्थामा फेला परेको छ । मिर्चैया–७ अन्तर्गत छघरे बस्तीबाट करिब एक किलोमिटर उत्तरतर्फ पर्ने टेना खोलामा उक्त शव देखिएको हो । खोलामा जलेको शव देखेपछि स्थानीय बासिन्दाले तत्काल इलाका प्रहरी कार्यालय मिर्चैयालाई खबर गरेका थिए ।

सूचनापछि प्रहरी टोली घटनास्थल पुगेर शव नियन्त्रणमा लिँदै आवश्यक कानुनी प्रक्रिया सुरु गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक अनन्तराम शर्माले जानकारी दिए । एसपी शर्माका अनुसार शव लामो समयअघि खोलामा फालिएको हुन सक्ने प्रारम्भिक आशंका गरिएको छ । शवको तल्लो भाग हड्डी मात्र बाँकी रहेको र माथिल्लो भाग आंशिक रूपमा जलेको अवस्थामा फेला परेको बताए ।

शरीरका विभिन्न भागमा दागसमेत देखिएको जनाउँदै प्रारम्भिक अवस्थाले महिलाको हत्या गरी शव जलाएर खोलामा फ्याँकिएको हुन सक्ने संकेत गरेको उनको भनाइ छ ।

हालसम्म मृतक महिलाको पहिचान खुल्न सकेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको र पोस्टमार्टम रिपोर्ट आएपछि मात्रै थप विवरण खुल्ने प्रहरीले जनाएको छ । प्रहरीले घटनास्थल आसपासका स्थानीय बासिन्दा तथा सम्भावित साक्षीहरूसँग सोधपुछ गरिरहेको छ ।




# लघुवित्त मार्फत वित्तीय पहुँच विस्तारमा जोड



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालको वित्तीय क्षेत्रमा लघुवित्त संस्थालाई सबल बनाएर ग्रामीण क्षेत्रका गरिब किसानसम्म वित्तीय पहुँच पु¥याउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । साना किसान विकास लघुवित्त वित्तीय संस्थाको आयोजनामा 'लघुवित्तका समस्या र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै वक्ताहरूले लघुवित्तले ग्रामीण अर्थतन्त्र चलायमान बनाउन र गरिबी न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

कार्यक्रममा राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक एवम् अर्थविज्ञ डा. गुणाकर भट्टले वर्तमान समयमा लघुवित्त क्षेत्रमा देखिएका समस्याको समाधान साझा प्रयास र पहलबाट खोज्नुपर्नेमा जोड दिए । उनले केही लघुवित्तमा समस्या देखिएपनि सम्पूर्ण क्षेत्रमा समस्या आएको भन्न नमिल्ने भन्दै सकारात्मक योगदान दिने संस्थाहरूको चर्चा गर्नुपर्नेमा बल दिए ।

डा. भट्टले समस्या समाधान र सुधार एकसाथ हुनुपर्ने भन्दै लघुवित्तले सरकार, नियमक निकाय र सरोकारवालासँग आफ्ना कुरा सामूहिक रुपमा राख्नु आवश्यक रहेको सुझाव दिए । उनले स्थानीय तहसम्म वित्तीय पहुँच पु¥याउन नीति, पहल र साझा उद्देश्यलाई केन्द्रमा राखेर काम गर्नुपर्ने पनि बताए ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत वासु अधिकारीले नियमक निकायको नीति, विधि र हालसालै परिमार्जित कानुनबारे लघुवित्त नेतृत्वलाई जानकारी गराउन कार्यक्रम आयोजना गरिएको बताए । उनले सुधारको सुरुवात संस्थागत सुशासनबाट गर्नुपर्नेमा सहभागीहरूलाई अनुरोध गरे ।

नेपाल राष्ट्र बैंकका उपनिर्देशक पिताम्बर पोखरेलले लघुवित्त क्षेत्रमा नियमकीय सहजिकरणका लागि बैंक तयार रहेको जानकारी दिए । उनले लघुवित्त क्षेत्रमा समस्या संस्थागत नभई केही व्यक्तिका कारण सिर्जित भएको उल्लेख गर्दै, सुधारका लागि लघुवित्त, सरोकारवालाहरू र नियमक निकायबीच सहकार्य आवश्यक रहेको धारणा राखे ।

कार्यक्रममा नेरुडे मिर्मिरे लघुवित्त संस्थाका पूर्व प्रमुख कार्यकारी अधिकृत भोजराज बस्यालले लघुवित्तका समस्या, चुनौती र दिगो व्यवसायिक सन्तुलनबारे कार्यपत्र प्रस्तुत गरे भने राष्ट्र बैंकका उपनिर्देशक विवेक कोइरालाले नियामकीय रणनीति र समाधानका उपाय प्रस्तुत गरेका थिए ।

चार्टर्ड एकाउन्टेन्ट विदुर लुइँटेलले लघुवित्तमा कर्जा नोक्सानी व्यवस्थापन र त्यसको प्रभावबारे प्रस्तुति दिएका थिए ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत पृथ बहादुर थापाले लघुवित्त क्षेत्रमा गहिरो अनुसन्धान आवश्यक रहेको बताउँदै, सतही धारणा होइन, वास्तविकतामा आधारित बहस आवश्यक रहेकोमा जोड दिए । उनले सकारात्मक काम गरेका लघुवित्तलाई प्रोत्साहन र कमजोरी भएका संस्थालाई सुधारको अवसर दिनुपर्ने बताए ।

कार्यक्रममा लघुवित्तले महिलाको आत्मसम्मान, आत्मविश्वास र आयआर्जनमा ठूलो योगदान गर्दै आएको र विपन्न वर्गसम्म वित्तीय पहुँच पु¥याउने महत्वपूर्ण भूमिका खेलेको पनि प्रकाश पारिएको थियो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले देशका ७७ वटै जिल्लामा सेवा विस्तार गर्दै ग्रामीण क्षेत्रका गरिब किसानलाई लघु उद्यमसँग जोड्ने कार्य निरन्तर गर्दै आएको छ ।

# नक्कली शाखा अधिकृत पक्राउ




**मधेशदृष्टि**
**काठमाडौँ ।**
आफूलाई गृह मन्त्रालयको शाखा अधिकृत भन्दै अन्य व्यक्तिको व्यक्तिगत विवरण संकलन गर्न खोज्ने एक जना नक्कली अधिकृत पक्राउ परेका छन् । पक्राउ पर्ने व्यक्ति तनहुँका कृष जिसी रहेको अध्यागमन विभागले जनाएको छ ।

विभागका अनुसार जिसीले गृह मन्त्रालयको शाखा अधिकृत हुँ भनी नक्कली परिचयपत्र देखाउँदै विभिन्न व्यक्तिको व्यक्तिगत तथ्यांक लिन खोज्ने क्रममा पक्राउ परेका हुन् । उनलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी परिसर भद्रकालीमा बुझाइएको विभागले जानकारी दिएको छ ।

अध्यागमन विभागका अनुसार उनी शुक्रबार निजामती पोशाकमै थिए । परिचय दिँदै उनले आफू ब्याच ३७ का शाखा अधिकृत भएको र विगत चार महिनादेखि गृह मन्त्रालयको कर्मचारी प्रशासन शाखामा कार्यरत रहेको बताएका थिए ।

विभागका प्रवक्ता टीकाराम ढकालका अनुसार जिसीले विगत सात महिनादेखि गृह मन्त्रालयको अधिकृतको नक्कली परिचयपत्र प्रयोग गर्दै काठमाडौंको एक प्रतिष्ठित होटलसँग सम्पर्क बढाएका थिए । ढकालका अनुसार एक महिलाले होटलका व्यवसायीलाई ठगी गरेर फरार भएपछि होटलका बाउन्सरले गृहका तिनै नक्कली अधिकृतसँग पैसा असुली गरिदिन सहयोग मागेका थिए । सोही क्रममा जिसी होटलका बाउन्सरसहित अध्यागमन विभाग पुगेका थिए । उनले ठगीमा संलग्न महिलाको वैदेशिक भ्रमण रोक्का गरिदिने र अध्यागमनको कालोसूचीमा राखिदिने प्रलोभन देखाउँदै विभागमा उपस्थित भई उक्त महिलाको नाम उल्लेख गरेर राहदानी र नागरिकताको प्रतिलिपि माग गरेका थिए । साथै, उनलाई कालोसूचीमा राखिदिनसमेत अनुरोध गरेका थिए । अनुसन्धानका क्रममा नक्कली अधिकृतले यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको शाखा अधिकृतको परिचयपत्रसमेत बनाएको खुलेको छ ।

अध्यागमन विभागको इन्टेलिजेन्स र प्रशासन शाखाले उनको परिचयपत्रमा उल्लेख गरिएको कर्मचारी संकेत नम्बर अस्वाभाविक देखिएपछि थप शंका गर्दै नियन्त्रणमा लिएको जनाएको छ । जिसीसँग आएका होटलका बाउन्सरलाई भने सामान्य सोधपुछपछि छाडिएको विभागले बताएको छ ।

# राष्ट्रपति एवं उप–राष्ट्रपतिद्वारा वसन्त पञ्चमीको शुभकामना




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रपति रामचन्द्र पौडेल र उपराष्ट्रपति रामसहायप्रसाद यादवले माघ शुक्ल पञ्चमीका दिन मनाइने वसन्त पञ्चमी तथा सरस्वती पूजाको अवसरमा समस्त नेपाली दिदीबहिनी, दाजुभाइ र बालबालिकामा हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

राष्ट्रपति पौडेलले शुभकामना सन्देशमा भनेका छन्, 'विद्याको अधिष्ठात्री देवी सरस्वतीको पूजाअर्चना गरी मनाइने वसन्त पञ्चमीले हाम्रो जीवनलाई सदैव ऊर्जाशील बनाइराख्ने र नवीन खोजतर्फ प्रेरित गर्ने अवसर प्रदान गर्दछ । आजको दिन बालबालिकालाई घरमै अक्षरारम्भ गराउने वा विद्यालयमा भर्ना गर्ने प्रचलन रहेको छ भने सङ्गीतका पारखीहरूले सरस्वतीको साधना गर्ने दिनको रूपमा पनि यस पर्वलाई मान्दै आएका छन् ।'

उनले वसन्त पञ्चमीको प्राकृतिक महत्वमा जोड दिदै भने, 'यस पर्वले वसन्त ऋतुको प्रारम्भ र सूर्यको उत्तरायणसँगै दिन लामो र रात छोटो हुने प्रक्रियासँग मेल खान्छ । यसले नेपाली जनजीवन र प्रकृतिसँगको निकटता दर्शाउँछ भने विद्या र ज्ञानप्रतिको लगावलाई पनि बल पु¥याउँछ ।'

उपराष्ट्रपति यादवले पनि शुभकामना सन्देशमा सबै नेपालीको जीवनमा सुख, शान्ति, समृद्धि र प्रगतिको कामना गरेका छन् । उनले वसन्त पञ्चमीले आपसी सहकार्य, सद्भाव, प्रेम र मेलमिलापको भावना प्रवद्र्धन गर्दै सकारात्मक सोच र ऊर्जाशील जीवनशैलीमा प्रेरणा दिने उल्लेख गरे । उनले यस पर्वको बहुधार्मिक स्वीकृतिमा पनि प्रकाश पार्दै हिन्दूहरूले देवी सरस्वती, बौद्धहरूले मञ्जुश्री र मुस्लिम समुदायले सुफी वसन्तको रूपमा मनाउने परम्परा रहेको बताए । साथै, शैक्षिक संस्था र सार्वजनिक पण्डालमा गरिने पूजा, भजनकीर्तन तथा वसन्त श्रवणले हाम्रो मौलिक संस्कृतिको संरक्षणमा योगदान पु¥याउने विश्वास व्यक्त गरे ।

राष्ट्रपति र उपराष्ट्रपतिले दुवैले देशभरका सरस्वती मन्दिरमा हुने मेला, पुस्तक, कलम तथा वाद्ययन्त्रको पूजाले अध्ययन, अभ्यास र सांस्कृतिक मूल्यको सम्मानको सन्देश दिने बताएका छन् । साथै कृषिसँग सम्बन्धित परम्परा, हलो पूजा र कृषिश्रमिकको सम्मान जस्ता मौलिक संस्कृतिको पुनर्जीवन आवश्यक रहेकोमा पनि जोड दिएका हुन् ।

# राष्ट्र सेवामा सशस्त्र प्रहरी बलको २५ वर्षे गौरवपूर्ण यात्रा



**काठमाडौँ ।**
'शान्ति, सुरक्षा र प्रतिबद्धता' भन्ने मूल नारासहित राष्ट्र र जनताको सेवामा कटिबद्ध सशस्त्र प्रहरी बल नेपालले शुक्रबारदेखि आफ्नो गौरवपूर्ण २५ वर्षे यात्रा पूरा गरेको छ । तत्कालीन समयको विषम परिस्थितिमा देशमा शान्ति र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वन्त्रताको रक्षा गर्न विसं २०५७ माघ ९ गते सशस्त्र प्रहरी बलको विधिवत रूपमा स्थापना भएको थियो ।

तत्कालीन गृहसचिव खेमराज रेग्मीको संयोजकत्वमा गठित 'सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदल–२०५६' ले दिएको सुझावबमोजिम त्यसबेलाका राजा वीरेन्द्र शाहबाट 'सशस्त्र प्रहरी अध्यादेश, २०५७' जारी भएसँगै आजैका दिन सशस्त्र प्रहरी बल गठन भएको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सशस्त्र प्रहरी मुख्यालय हलचोकमा रजत महोत्सव विशेष समारोहको आयोजना गरिएको छ । सुरुआतमा नेपाली सेना र नेपाल प्रहरीबाट जनशक्ति स्थानान्तरण गरी सशस्त्र प्रहरी बलमा ल्याइएको थियो । स्थापनापश्चात महाराजगन्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको परिसरमा सशस्त्र प्रहरी बलको प्रधान कार्यालय राखिएको थियो ।

सशस्त्र प्रहरी महानिरीक्षकमा कृष्णमोहन श्रेष्ठ नियुक्त भएका थियो । संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठले प्रातकालीन भ्रमणको दौरान २०५९ साल माघ १२ गते गोली प्रहारबाट वीरगति प्राप्त गरेका थिए । उनीसँगै धर्मपत्नी तथा सशस्त्र प्रहरी परिवार महिला सङ्घकी अध्यक्ष नुडुप श्रेष्ठ र अङ्गरक्षक सूर्यप्रसाद रेग्मीले साहदत प्राप्त गरेका थिए ।

तत्कालीन सरकारले सशस्त्र प्रहरीलाई नेपालको कुनै भागमा भएको वा हुनसक्ने सशस्त्र सङ्घर्ष, सशस्त्र विद्रोह वा पृथकतावादी तथा आतङ्कारी गतिविधि नियन्त्रण गर्नेलगायत १३ वटा कार्यादेश सुम्पेको थियो । त्यसपछि नेपाल सरकारले विभिन्न समयमा सशस्त्र प्रहरीलाई राजस्व, भन्सार तथा औद्योगिक र रेल्वे सुरक्षालगायत विभिन्न जिम्मेवारी दिँदै आएको छ ।

यो २५ वर्षे यात्रामा सशस्त्र प्रहरी बल नेपालले राज्यप्रदत्त कार्यादेश प्रभावकारी ढङ्गले सम्पादन गर्दै सङ्गठनको संरचनागत विस्तार, तालिम, जनशक्ति विकास र फौजी अनुशासनमा विशेष जोड दिँदै आएको सशस्त्र प्रहरीका सहप्रवक्ता एवं सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।

हालका दिनमा सशस्त्र प्रहरीले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व सहायता र विपद् व्यवस्थापनमा आफूलाई भरपर्दो सङ्गठनका रूपमा उभ्याएको छ । सीमा सुरक्षा र विपद् व्यवस्थापनलाई सशस्त्र प्रहरीले उच्च प्राथमिकतामा राखेको छ ।

विसं २०६१ मङ्सिर १ गतेको निर्णयानुसार तत्कालीन शाही नेपाली सेनाको सट्टा प्रमुख भन्सार नाकाहरूको सुरक्षार्थ सशस्त्र प्रहरी तैनाथ भएको थियो । विसं २०६३ फागुन ८ गतेदेखि डेडिकेटेड रूपमा सीमा सुरक्षाको जिम्मेवारी पाएको छ । सशस्त्र प्रहरीले सातवटा रिजर्भ गण, ४५ वटा सीमा सुरक्षा कार्यालय र दुई सय १५ वटा बिओपीमार्फत सीमा सुरक्षाको जिम्मेवारी निर्वाह गर्नुका साथै राजस्व सङ्कलनमा समेत सहयोग पुर्याउँदै आएको सहप्रवक्ता थापा बताउँछन् ।

नेपालको अन्तरराष्ट्रिय सीमा सुरक्षालाई प्रभावकारी बनाउन सशस्त्र प्रहरीले 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसअन्तर्गत सीमा इलाकाको बाटोघाटो सरसफाइ तथा स्तरोन्नति, अन्य विकास निर्माणका कार्यमा सहयोग, सचेतनामूलक कक्षाहरू, स्वास्थ्य शिविर र सीमावासी जनतामा सीप तथा स्वरोजगारमूलक कार्यक्रम हुँदै आएका छन् ।

सशस्त्र प्रहरीले विपद् व्यवस्थापनमा आफूलाई अब्बल सुरक्षा फौजका रूपमा स्थापित गरेको छ । विपद् व्यवस्थापनमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले २०६८ साल मङ्सिर २२ गते चितवनको कुरिनटार विपद् व्यवस्थापन तालिम शिक्षालय र पर्वातारोहणको क्रममा प्रतिकूल मौसमको कारण तथा भारी हिमपातमा हुनसक्ने दुर्घटनाहरूमा उद्धारका लागि दक्ष जनशक्ति उत्पादन गर्न मनाङ पर्वतीय उद्धार तालिम शिक्षालयको समेत स्थापना गरेको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन